# आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन २०५८ मा भएको व्यवस्था वमोजिम यस बैंकले आर्थिक वर्ष २०५९।६० देखि वार्षिक रुपमा मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक गर्ने परम्पराअनुरुप आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति २०६५ असोज १३ गते र त्यसको मध्यावधि समीक्षा २०६५ चैत ९ गते प्रकाशित गरेको थियो ।

२. आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति तयार गर्दा अघिल्लो आर्थिक वर्षमा मुलुकमा विकसित आर्थिक तथा वित्तीय स्थितिको समीक्षा, अघिल्लो वर्षको मौद्रिक नीतिको कार्यान्वयनको अवस्था र चालू आर्थिक वर्षमा अंगाल्नु पर्ने नीतिगत आधारको विश्लेषण गरी मौद्रिक नीति २०६६।६७ सार्वजनिक जानकारीको लागि प्रस्तुत गरिएको छ ।

३. विश्वव्यापी रुपमा संक्रमित भएको विश्व वित्तीय संकटको नकारात्मक प्रभाव विश्वका अधिकांश मुलुकहरुमा परेको छ । सन् २००९ मा विश्वको उत्पादन वृद्धिदर दोस्रो विश्वयुद्धपछि पहिलोपटक ऋणात्मक रहने देखिएको छ । यस अवधिमा आर्थिक संकटग्रस्त मुलुकका सरकार र केन्द्रीय बैंकहरुले परम्परागत तथा गैर-परम्परागत उपायहरुको अवलम्बनद्वारा संकटको प्रभाव कम गर्ने प्रयास गरे । प्रमुख विकसित मुलुकहरुका केन्द्रीय बैंकहरुले व्याजदर न्यूनतम विन्दुमा लगेर मौद्रिक सहजता प्रदान गर्ने गरेका छन् । साथै अप्रिल २००९ मा लण्डनमा जी-२० समूहका सरकार प्रमुखहरुको दोस्रो सम्मेलनमा विद्यमान आर्थिक संकटको समाधानको लागि आफ्नो मुलुकले अवलम्बन गर्ने नीतिगत व्यवस्थामा अन्तर्राष्ट्रिय रुपमा समन्वय कायम गर्ने प्रतिवद्धता समेत व्यक्त गरेका छन् ।

४. अन्तर्राष्ट्रिय मुद्राकोषबाट जारी वर्ल्ड इकोनोमिक आउटलुकको जुलाई ८, २००९ को अपडेट अनुसार भने मन्दीको गहिराई सकिएको जनाएको छ । विश्व अर्थतन्त्र विस्तारै मन्दीको गहिराइबाट बाहिर निस्कन शुरु गरेको छ । तर अर्थतन्त्र सुधार हुने क्रम भने सबै देशमा एकै गतिमा नभएको साथै सुधार अति सुस्त गतिमा भइरहेको जनाएको छ ।

५. नेपालमा पछिल्लो उपलब्ध आर्थिक स्थितिका परिसूचकले पर्यटन तथा वैदेशिक रोजगारमा वित्तीय संकटको प्रभाव पर्न गएको देखाएको छ । वैदेशिक रोजगारमा जानेको संख्या सामान्य रुपमा घटेको छ तर विप्रेषण आप्रवाह भने उत्साहजनक रुपमा बढेको छ । राजनैतिक संक्रमणकालको समूचित व्यवस्थापनमा असहजता, अनिश्चितता, बन्द, हडताल जस्ता कारणले शान्ति सुरक्षामा पर्याप्त चुनौति देखिएको छ । लगानी वातावरण र व्यवसायिक आत्मविश्वास क्षय हुँदै गएको छ । यसले आर्थिक विकास, रोजगारी सिर्जना, शान्त र समुन्नत नयाँ नेपाल बन्ने समय थप टाढिँदै गएको महशुस भएको छ ।

६. आर्थिक वर्ष २०६५।६६ मा नेपालको मूल्य वृद्धि विगत १७ वर्षकै उच्च रह्यो । केही अन्तर्राष्ट्रिय व्यापारका वस्तुहरुको मूल्यमा व्यापक गिरावट आएपनि खाद्यान्नको मूल्यमा चापको स्थिति नै रह्यो । लामो शुष्क ऋतुबाट प्रभावित हिउँदे बाली उत्पादन, बन्द हडताल, सिण्डिकेट प्रणाली, कमजोर वितरण र आपूर्ति प्रणाली, उर्जा संकट, तलब तथा ज्यालादरमा

भएको वृद्धि, मिलोमतो जस्ता कार्यले मूल्यमा चाप पर्न गयो । यस स्थितिमा मूल्य स्थिरता कायम राख्ने यस बैंकको प्राथमिक उद्देश्य प्राप्तीमा चुनौति खडा हुन गएको छ ।

७. वित्तीय क्षेत्रको विकास र स्थायित्वका लागि मौद्रिक नीतिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विगतमा विश्वभर नै वित्तीय क्षेत्र स्थायित्वले खासै प्रमुखता पाउन सकेन जसले गर्दा हालको वित्तीय संकट प्रकट हुन गयो । नेपालमा पनि बैंक तथा वित्तीय संस्थाको संख्यामा वृद्धि भएको कारण वित्तीय क्षेत्रमा जोखिम बढेको बारे चर्चा हुने गरेको छ । हालैमा एक विकास बैंक खारेज गर्नुपरेको अवस्थाले पनि समयमै समस्याग्रस्त संस्थाको पहिचान गरी प्रणालीगत जोखिमलाई न्यूनीकरण गरी कमजोर वित्तीय संस्थाको वित्तीय सुधार गर्नु पर्ने पाठ सिकाएको छ । विश्वका धेरैजसो देशहरुले विश्व वित्तीय संकटलाई थप गहिरिन नदिन वित्तीय क्षेत्र स्थायित्व कायम राख्नका लागि निक्षेप सुरक्षणको व्यवस्था, सुरक्षण गरिने निक्षेप रकमको सीमा र समय सीमा समेत बढाएका छन् । हामीकहाँ पनि बैंकिङ्ग इतिहासमा पहिलो पटक बैंक बन्द भएको घटना, वित्तीय क्षेत्रको सम्बेदनशीलता, बढ्दो वित्तीय संस्थाको संख्याबाट उत्पन्न हुनसक्ने जोखिमलाई दृष्टिगत गरी निक्षेप सुरक्षण गर्ने व्यवस्थाको माग गरेको छ ।

८. हाल नेपालको बाह्य क्षेत्र सहज अवस्थामा रहेको छ । व्यापार घाटा बढेको भएपनि बढ्दो विप्रेषण आप्रवाहले आर्थिक वर्ष २०६५।६६ मा हालसम्मकै उच्च शोधनान्तर बचत कायम हुन गएको छ । विप्रेषणमा अधिक निर्भरताले बाह्य क्षेत्रमा जोखिमको सम्भावना रहने भएकोले वैदेशिक रोजगारीको क्षेत्रलाई थप व्यवस्थित गर्नु पर्ने र विदेशी मुद्रा आप्रवाहको आधारभूत श्रोतहरु पर्यटन र निर्यात व्यापार प्रवर्द्धनमा पनि ध्यान दिनु आवश्यक देखिएको छ ।

## आर्थिक वर्ष २०६५।६६ को आर्थिक तथा वित्तीय अवस्थाको समीक्षा

### अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय परिदृष्य

९. आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति सार्वजनिक गरेपछिको अवधिमा विश्वको आर्थिक परिवेशमा नाटकीय परिवर्तन आयो । विश्व वित्तीय संकटपछि विश्व आर्थिक परिदृश्य निरन्तर निराशाजनक बन्दै गएको छ । उत्पादन, रोजगारी, खुद्रा बिक्री (retail sales), समग्र माग, विश्व व्यापार जस्ता परिसूचकहरुको अवस्था निराशाजनक रहेको छ । मुद्राकोषले जुलाई ८, २००९ मा जारी गरेको वर्ल्ड इकोनोमिक आउटलूक अपडेट अनुसार सन् २००८ मा ३.१ प्रतिशतले बढेको विश्वको उत्पादन, सन् २००९ मा १.४ प्रतिशतले खुम्चिने प्रक्षेपण छ । कोषका अनुसार विकसित मुलुकको उत्पादनमा झनै ठूलो गिरावट आउने छ । अमेरिका, युरो क्षेत्र र जापानको उत्पादन क्रमश: २.६ प्रतिशत, ४.८ प्रतिशत र ६.० प्रतिशतले गिरावट आउने तथा उदयीमान मुलुक चीन र भारतको उत्पादन क्रमश: ७.५ प्रतिशत र ५.४ प्रतिशत मात्रले बढ्ने कोषको प्रक्षेपण छ । सन् २०१० मा भने विश्व उत्पादन २.५ प्रतिशतले बढ्ने कोषको प्रक्षेपण रहेको छ । सन् २००९ को प्रथम त्रयमासमा अमेरिका, युरो क्षेत्र र जापानको उत्पादन क्रमश: ५.५ प्रतिशत, ४.९ प्रतिशत र १४.२ प्रतिशतले घटेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनले सन् २००९ मा विश्वमा बेरोजगारी दर ७.४ प्रतिशतसम्म पुग्न सक्ने जनाएको छ । अमेरिकामा सन् २००९ को जुन महिनामा बेरोजगारी दर ९.५ प्रतिशत पुग्यो भने युरो क्षेत्र, संयुक्त अधिराज्य र जापानमा बेरोजगारी दर उल्लेख्य बढेको छ ।

१०. आर्थिक वृद्धिको इन्जिनको रुपमा स्थापित भइसकेको व्यापार, विश्व आर्थिक संकटबाट नराम्रोसँग प्रभावित बनेको छ । बितेका दुई दशकदेखि विश्व व्यापारको वृद्धि विश्वको

उत्पादन वृद्धिभन्दा बढी रहँदै आएकोमा सन् २००९ मा विश्वको व्यापार (वस्तु तथा सेवा) १२.२ प्रतिशतले घट्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ । सन् २००८ मा विश्व व्यापार २.९ प्रतिशतले बढेको थियो । विश्वव्यापी मागमा आएको तिब्र गिरावट, व्यापार कर्जामा आएको संकुचन एवम् राष्ट्रहरुको संरक्षणवादी प्रवृत्तिका कारणले विश्व व्यापारको आयतन बढी दरले घट्ने देखिएको हो । वित्तीय संकटपछि विश्वका केही मुलुकहरुको स्वदेशी उद्योगधन्दाको संरक्षण गरी रोजगारी कायम राख्ने प्रयास गरिरहेका छन् । तर विश्व व्यापार संगठनले यस्ता उपायले झन् रोजगारी गुम्ने सम्भावना रहेको भनी सचेत हुन आग्रह गरेको छ । संरक्षणवादले व्यापारमा “जस्तालाई त्यस्तै” (retaliation) को नीति अवलम्बन गरिँदै जाने भएकोले अहिलेको संकटबाट माथि उठाउन व्यापार सहयोगी हुनमा कठिनाई हुने जनाइएको छ ।

११. सन् २००९ मा विकसित मुलुकहरुमा उपभोक्ता मूल्य ०.१ प्रतिशतले बढ्ने प्रक्षेपण मुद्राकोषले गरेको छ । उदयीमान तथा विकासोन्मुख मुलुकहरुमा भने ५.३ प्रतिशतले उपभोक्ता मूल्य बढ्ने प्रक्षेपण छ ।

१२. विश्वभरका विशेषगरी विकसित मुलुकका केन्द्रीय बैंकहरुले नीतिगत दरहरु ऐतिहासिक रुपमा कटौति गरी व्यापक तरलता प्रवाह गरेका छन् । यसले गर्दा अल्पकालिन व्याजदरमा कमी आएको भएपनि कर्जा प्रवाहको विस्तारमा तिब्रता आउन सकेको छैन । विश्वव्यापीरुपमा वस्तु तथा सेवाको मूल्यमा गिरावट आएकोले पनि केन्द्रीय बैंकहरु आर्थिक, मौद्रिक सहजताको नीति अख्तियार गर्ने लाभ लिइरहेका छन् । विश्व वित्तीय संकटपछि विकसित आर्थिक र वित्तीय घटनाक्रमको विश्लेषण आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा पनि भइसकेको छ ।

**गार्हस्थ्य उत्पादन**

१३. आर्थिक वर्ष २०६५।६६ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सामान्य रहने अनुमान छ । आर्थिक वर्ष २०६५।६६ मा ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अपेक्षा गरिएको थियो । मौसम अनुकूल रही कृषि क्षेत्रको उत्पादन वृद्धिदर सन्तोषजनक रहने, संविधानसभाको चुनाव पश्चात् बन्द, हडताल न्यून भई समग्र शान्ति सुरक्षा सुदृढ हुन जाने तथा लगानीको वातावरण बन्ने र व्यवसायिक आत्मविश्वासमा वृद्धि भई उद्योग तथा सेवा क्षेत्रको विस्तारमा तिब्रता आउने अनुमानका आधारमा उक्त स्तरको आर्थिक वृद्धिदर अपेक्षा गरिएको थियो । तर हिउँदमा मौसमी प्रतिकूलताका कारण हिउँदेबालीको उत्पादन सन्तोषजनक नभएकोले समग्र कृषि क्षेत्रको उत्पादन वृद्धिदर सामान्य मात्र रहने देखिएको छ । त्यसैगरी, आर्थिक वर्ष २०६५।६६ का शुरुका महिनाहरुमा उद्योगी र कामदार बीच देखिएको असमझदारी, कोशी नदीको कटानका कारण पूर्व क्षेत्रसँगको स्थलमार्ग अवरुद्ध, बन्द हडतालको निरन्तरता, विद्युत लोडसेडिङ्गको समस्या, सरकारको पूँजीगत खर्चमा आएको कमी तथा विश्व आर्थिक संकटले अपेक्षा गरेअनुसारको आर्थिक वृद्धिदर हासिल हुन सक्ने स्थिति रहेन ।

१४. नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०६५।६६ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ३.८ प्रतिशत र उत्पादकको मूल्यमा ४.७ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०६४।६५ मा कुल गार्हस्थ्य

उत्पादनको वृद्धिदर आधारभूत एवम् उत्पादकको मूल्यमा ५.३ प्रतिशत हुने संशोधित अनुमान केन्द्रीय तथ्याङ्क विभागले गरेको छ ।

१५. क्षेत्रगत वर्गिकरणका आधारमा कुल गार्हस्थ्य उत्पादनको विश्लेषण गर्दा आर्थिक वर्ष २०६५।६६ मा कृषि क्षेत्रको उत्पादन अघिल्लो वर्षको तुलनामा २.१ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ । हिउँदमा खडेरी परेकोले समग्र कृषि क्षेत्रको उत्पादनमा प्रमुख हिउँदेबाली गहुँको उत्पादनमा १४.५ प्रतिशत र दालको उत्पादनमा ५.३ प्रतिशतले कमी आएको अनुमान छ । यिनै कारणले गर्दा प्रमुख अन्न तथा अन्य बाली समूहको उत्पादन ०.७ प्रतिशतले घट्न गई आर्थिक वर्ष २०६५।६६ मा समग्र कृषि उत्पादन वृद्धिदर सामान्य रहन जाने देखिएको हो ।

१६. गैर-कृषि क्षेत्र अन्तरगत आर्थिक वर्ष २०६५।६६ मा उद्योग क्षेत्रको उत्पादन सीमान्त १.८ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । उद्योग अन्तरगत उत्पादनमूलक उद्योग तथा विद्युत उप-क्षेत्रको उत्पादन क्रमशः ०.५ प्रतिशत र १.१ प्रतिशतले घट्ने पूर्वानुमान छ । अघिल्लो आर्थिक वर्ष २०६४।६५ मा औद्योगिक र विद्युत उत्पादन क्रमशः ०.२ प्रतिशत र ३.७ प्रतिशतले बढेको थियो । ७० मेगावाटको मध्य-मस्याङ्गदीबाट २०६५ माघदेखि उत्पादन शुरु भएपनि कुलेखानीको जलाशयमा पानीको सतह घटेको, भोटेकोशी विद्युतगृह तीन महिनासम्म बन्द भएको र कोशीको बाढीको कारण कटैया-दुहबी प्रशारण लाइन क्षतिग्रस्त भएको कारणले विद्युत आपूर्तिमा कमी आएको थियो । त्यसैले यस उप-क्षेत्रको मूल्य अभिवृद्धिमा गिरावट आएको छ । यसको फलस्वरुप लोडसेडिङ्गमा वृद्धि हुन गई औद्योगिक उत्पादन लगायत समग्र अर्थतन्त्रको गतिविधि विस्तार एवम् उत्पादकत्वमा प्रतिकूल प्रभाव पर्न गएको छ ।

१७. आर्थिक वर्ष २०६५।६६ को पहिलो नौ महिनासम्मको औद्योगिक उत्पादन सूचकाङ्कको प्रारम्भिक तथ्याङ्क अनुसार अघिल्लो वर्षको तुलनामा औद्योगिक उत्पादन १.१ प्रतिशतले घटेको छ । औद्योगिक उत्पादन समूहमध्ये वनस्पति घ्यू, दुग्ध उत्पादन, कपडा, ऊनी गलैंचा, तयारी पोशाक, औषधि, सिमेन्ट, फलामको छड तथा पाता र विद्युतीय तार जस्ता वस्तुहरुको उत्पादनमा गिरावट आएकोले समग्र औद्योगिक उत्पादन घटेको हो । उल्लेखित अवधिमा वनस्पति घ्यूको उत्पादन ११.४ प्रतिशत, तयारी पोशाक १२.३ प्रतिशत, औषधि ६.० प्रतिशत, ऊनी गलैंचा १२.५ प्रतिशत, धागो ५.३ प्रतिशत, सिमेन्ट ९.८ प्रतिशत, फलामको छड तथा पाताको उत्पादन ८.० प्रतिशतले गिरावट आएको छ ।

१८. सेवा क्षेत्रतर्फ, आर्थिक वर्ष २०६५।६६ मा ५.९ प्रतिशतले विस्तार हुने अनुमान छ । सेवा क्षेत्र अन्तरगत यातायात, भण्डारण तथा संचार र शिक्षा क्षेत्रको मूल्य अभिवृद्धि उल्लेख्य क्रमशः ७.९ प्रतिशत र ९.९ प्रतिशतले बढ्ने अनुमान छ ।

१९. माग पक्षबाट कुल गार्हस्थ्य उत्पादनको विश्लेषण गर्दा आर्थिक वर्ष २०६५।६६ मा निजी तथा सरकारी उपभोग (२०५७।५८ को मूल्यमा) को वृद्धिदर अघिल्लो वर्षभन्दा बढेको छ भने कुल स्थीर पूँजी निर्माणको वृद्धिदरमा सीमान्त रुपले कमी आएको छ । आर्थिक वर्ष २०६५।६६ मा कुल उपभोग माग ६.० प्रतिशत र लगानी माग ५.९ प्रतिशतले वृद्धि हुने अनुमान छ । त्यसैगरी आर्थिक वर्ष २०६५।६६ मा कुल उपभोग र कुल स्थीर पूँजी निर्माणको गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः ९२.० प्रतिशत र २१.२ प्रतिशत रहने अनुमान छ । निजी क्षेत्रको लगानी कुल गार्हस्थ्य उत्पादनको अनुपात भने १७.० प्रतिशत रहेको छ । कुल

खर्चयोग्य आय आर्थिक वर्ष २०६५।६६ मा २१.२ प्रतिशतले बढ्ने अनुमान छ । यस्तो आय अघिल्लो वर्ष २०६४।६५ मा १३.९ प्रतिशतले बढेको थियो । खुद ट्रान्सफर आय विशेषगरी विप्रेषण उत्साहजनक रुपले बढ्ने कारणले कुल खर्चयोग्य आय वृद्धि उल्लेख्य रहने देखिएको हो ।

२०. सन् २००९ को जनवरीदेखि जुन महिनासम्म हवाईमार्गबाट नेपाल भ्रमणमा आउने पर्यटक संख्यामा ६.० प्रतिशतले कमी आएको छ । यस अवधिमा भारतीय पर्यटक आगमन संख्या ७.० प्रतिशतले घटेको छ । यस ६ महिनामा अप्रिल र जुन महिनाबाहेक अन्य महिनाहरुमा सन् २००८ को सोही महिनाहरुको तुलनामा पर्यटक आगमन संख्या घटेको छ । विश्व आर्थिक संकट तथा स्वदेशभित्रै पनि बन्द, हडताल, कमजोर शान्तिसुरक्षाको स्थितिका कराणले पनि हवाईमार्गबाट नेपाल आउने पर्यटक आगमन संख्या घटेको हो ।

२१. आर्थिक वर्ष २०६५।६६ मा वैदेशिक रोजगारमा जान स्वीकृति लिनेको संख्या अघिल्लो वर्षको तुलनामा १२.८ प्रतिशतले घटेको छ । रोजगारीका लागि गन्तव्य मुलुकहरुमध्ये युनाइटेड अरब इमिरेट्स (३०.१ प्रतिशत), मलेशिया (३०.६ प्रतिशत) र कतार (१०.८ प्रतिशत) जाने श्रमिकको संख्या घटेको छ भने साउदी अरेबिया (१५.० प्रतिशत) तर्फ जानेको संख्या भने बढेको छ । विश्व आर्थिक मन्दीका कारण विश्वभर रोजगारी कटौति भइरहेकाले वैदेशिक रोजगारीका लागि बाह्य मुलुक जाने नेपालीको संख्यामा कमी आएको हो ।

२२. विश्व आर्थिक मन्दीको प्रभावले विदेशमा काम गर्न गएका कतिपय नेपालीहरु कामको बीचैमा फर्कनु परेको छ । वैदेशिक रोजगार प्रवर्द्धन वोर्डको तथ्याङ्क अनुसार २०६५ फागुनदेखि २०६६ असारसम्म १८६ जना विश्व आर्थिक मन्दीका कारणले वैदेशिक रोजगारीबाट काम छोडी नेपाल फर्किएका छन् । यस्तो कारणबाट फर्किनेहरुले वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट रु. १५ लाख ४३ हजारको क्षतिपूर्ति प्राप्त गरिसकेका छन् ।

## मूल्य स्थिति

२३. २०६६ बैशाख महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.९ प्रतिशत रहेको छ । २०६५ बैशाख महिनामा यस्तो मुद्रास्फीति ९.२ प्रतिशत रहेको थियो । समग्र सूचकाङ्कमध्ये खाद्य तथा पेय पदार्थ र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क क्रमशः १६.५ प्रतिशत र ८.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै महिनामा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १३.० प्रतिशत र ५.३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६५।६६ मा वार्षिक उपभोक्ता मूल्य १३.० प्रतिशतले वृद्धि हुने अनुमान छ । २०६५।६६ को मौद्रिक नीतिमा यस्तो मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रक्षेपण गरिएको थियो ।

२४. आर्थिक वर्ष २०६४।६५ को उत्तरार्द्धबाट नै नेपालले उच्च मूल्य वृद्धिको सामना गर्नु परिरहेको छ । विश्व आर्थिक मन्दिपछि विश्वका अधिकांश मुलुकहरुमा मुद्रास्फीति दर घट्दै गएको छ । खाद्यान्न, पेट्रोलियम पदार्थ, फलाम, तामा, पाम आयल जस्ता अन्तर्राष्ट्रिय वस्तुहरुको मूल्यमा भारी गिरावट आएकोले विश्वभर मूल्य सूचकाङ्क ह्रास आएको छ । भारतमा मुद्रास्फीति मापन गर्ने थोक मूल्य सूचकाङ्क २००९ को जुन महिनामा ऋणात्मक रह्यो । विगतमा भारतको मुद्रास्फीतिको प्रभाव नेपालमा पर्दै आएको तर हाल भारतमा मूल्य घटेको अवस्थामा सो प्रभाव नपरेको अवस्था विद्यमान छ । भारतको थोक मूल्य सूचकाङ्क बास्केट र नेपालको मुद्रास्फीति मापन गरिने उपभोक्ता मूल्य सूचकाङ्क समावेश भएका वस्तुहरु फरक भएकोले

भारतीय थोक मूल्यको प्रभाव नदेखिएको हो । यसका साथै भारतमा पनि उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित उपभोक्ता मुद्रास्फीति २००९ को मई महिनामा १०.२ प्रतिशत पुगेको छ । खाद्यजन्य वस्तुहरुको मूल्य उच्च नै रहिरहेकोले नेपालको उपभोक्ता मुद्रास्फीतिमा चापकै स्थिति रहेको हो । बन्द, हडताल, उर्जा संकट, तलब तथा ज्यालादर वृद्धि, मूल्य निर्धारणमा मिलिमतो जस्ता कारणहरुले मूल्य स्थितिमा सुधार आउन सकेन । साथै भारतले खाद्यान्न निर्यातमा रोक लगाएको कारणले आपूर्ति व्यवस्था समेत प्रभावित भएकोले मूल्य वृद्धि हुनुमा सघाउ पुऱ्याएको छ ।

२५. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर २०६६ बैशाख महिनामा १५.५ प्रतिशत रहेको छ भने २०६५ बैशाखमा १०.१ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, आयातीत वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमशः २३.४ प्रतिशत, ८.४ प्रतिशत र ७.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः १०.३ प्रतिशत, ८.९ प्रतिशत र ११.७ प्रतिशतले बढेको थियो ।

२६. २०६६ बैशाख महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २१.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सो सूचकाङ्क ७.० प्रतिशतले बढेको थियो । उक्त सूचकाङ्कमध्ये तलब सूचकाङ्क २०६६ बैशाखमा १९.८ प्रतिशत र ज्यालादर सूचकाङ्क २२.५ प्रतिशतले बढेको छ । २०६५ आश्विन महिनादेखि सरकारी कर्मचारी लगायत सुरक्षाकर्मी, शिक्षक, संस्थानका कर्मचारीको तलबमा वृद्धि, श्रमिकको ज्यालादर पनि वृद्धि भएको कारणले उक्त सूचकाङ्कमा बढी चाप परेको हो । २०६६ बैशाखमा ज्यालादर अन्तरगत कृषि मजदूर, औद्योगिक मजदूर र निर्माण मजदूरको ज्यालादर सूचकाङ्क क्रमशः २७.८ प्रतिशत, १५.० प्रतिशत र २१.३ प्रतिशतले वृद्धि भएको छ ।

**सरकारी वित्त स्थिति**

२७. आर्थिक वर्ष २०६५।६६ मा कुल सरकारी खर्च ३२.४ प्रतिशतले बढेर रु. २१३ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्ष कुल सरकारी खर्च २०.८ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारको कुल खर्चमध्ये चालू खर्च ३३.५ प्रतिशत र पूँजीगत खर्च ३७.० प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उपरोक्त खर्चहरु क्रमशः १८.६ प्रतिशत र ३४.७ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५।६६ मा सरकारी कर्मचारीहरुको तलब वृद्धि तथा गैर-बजेटरी खर्चमा वृद्धि भएकोले चालू खर्चको वृद्धिदर बढी भएको हो । आर्थिक वर्षको अन्त्यतिर पूँजीगत खर्च बढ्ने प्रवृत्ति, सार्वजनिक खरीदमा भएको भुक्तानी, साना किसान ऋण मिनाहा कार्यक्रम अन्तगृत उल्लेख्य रकम भुक्तानी भएको र स्थानीय निकायतर्फ निकासा बढेकोले आर्थिक वर्ष २०६५।६६ मा पूँजीगत खर्चको वृद्धिदर अघिल्लो वर्षभन्दा बढी रहन गएको हो ।

२८. आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारको राजस्व परिचालन ३२.१ प्रतिशतले वृद्धि भई रु. १४२ अर्ब २१ करोड पुगेको छ । आर्थिक वर्ष २०६४।६५ मा राजस्वको वृद्धिदर २२.७ प्रतिशत थियो । राजस्व प्रशासनमा सुधार, राजस्व चुहावट नियन्त्रण, स्वयंकर घोषणा कार्यक्रमको दृढतापूर्वक कार्यान्वयन, आयातमा भएको वृद्धि, संस्थागत आयकरमा भएको वृद्धि, घरजग्गा कर र घरजग्गा रजिष्ट्रेशनमा भएको उल्लेख्य वृद्धिका कारणहरुले आर्थिक वर्ष २०६५।६६ मा राजस्व परिचालनमा उत्साहजनक विस्तार भएको हो । राजस्व परिचालनका अतिरिक्त

सरकारलाई प्राप्त हुने वैदेशिक अनुदान ७०.१ प्रतिशतले उल्लेख्य वृद्धि भएको छ भने वैदेशिक ऋण १५.९ प्रतिशतले बढेको छ ।

२९. आर्थिक वर्ष २०६५।६६ मा सरकारको बजेट घाटा रु. ३६ अर्ब ८० करोड रहेको छ । अघिल्लो वर्ष सरकारी बजेट रु. ३३ अर्ब ४१ करोडले घाटामा रहेको थियो । आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारले रु. १० अर्ब ४१ करोड वैदेशिक ऋण र बाँकी आन्तरिक ऋणको परिचालन मार्फत् बजेट घाटा पूर्ति गर्ने संशोधित अनुमान रहेको छ ।

३०. आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारको रु. २५ अर्ब आन्तरिक ऋण परिचालन गर्ने संशोधित अनुमान रहेकोमा रु. १८ अर्ब ४२ करोड मात्र परिचालन गरेको छ । आर्थिक वर्ष २०६५।६६ मा रु. ८ अर्ब ७८ करोड आन्तरिक ऋण भुक्तानी गरेकोले खुद आन्तरिक ऋण परिचालन (अधिविकर्ष बाहेक) रु. ९ अर्ब ६३ करोड मात्र रहेको छ । सरकारले नेपाल राष्ट्र बैंकसँग लामो समय उच्च परिमाणको नगद बचत कायम गरेकोले बजेट अनुमानभन्दा कम आन्तरिक ऋण परिचालन भएको हो । आर्थिक वर्ष २०६५।६६ मा परिचालन गरिएको कुल आन्तरिक ऋणमध्ये रु. ९ अर्ब ट्रेजरी बिल, रु. ७ अर्ब ७५ करोड विकास ऋणपत्र र १ अर्ब ६७ करोड नागरिक बचतपत्र मार्फत् उठाइएको छ । आर्थिक वर्ष २०६५।६६ मा उठाइएको खुद आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको १.० प्रतिशत हुन आउँछ ।

**बाह्य क्षेत्र**

३१. गत सेप्टेम्बर २००८ देखि विश्वभर फैलिएको विश्व वित्तीय संकटबाट उत्पन्न प्रतिकूल अवस्थामा समेत नेपालको बाह्य क्षेत्र सन्तोषजनक रहेको छ । आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा मुलुकको शोधनान्तर रु. ४३ अर्ब ६ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर रु. १९ अर्ब ८८ करोडले बचतमा थियो । दुई महिनाको आयात समेतलाई ध्यानमा राखी आर्थिक वर्ष २०६५।६६ मा शोधनान्तर बचत रु. ३५ अर्ब ३७ करोड हुने अनुमान छ । आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिमा शोधनान्तर बचत रु. १२ अर्ब रहने प्रक्षेपण गरिएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भएको, निर्यात व्यापार वृद्धि भएको, नेपाल सरकारलाई प्राप्त वैदेशिक नगद अनुदानमा पनि वृद्धि भएकोले शोधनान्तर बचत उत्साहजनक देखिएको हो । समीक्षा अवधिमा चालू खाता पनि रु. ३७ अर्ब ४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ७ अर्ब १३ करोडले बचतमा रहेको थियो ।

३२. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा नेपालीहरुले विदेशमा काम गरी पठाएको विप्रेषण आप्रवाह ५५.५ प्रतिशतले उत्साहजनक वृद्धि भई रु. १६९ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १०८ अर्ब ७७ करोड विप्रेषण बापत प्राप्त भएको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.७ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब २० करोड भित्रिएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब ६९ करोड विप्रेषण बापत प्राप्त भएको थियो ।

३३. विश्व आर्थिक संकटले विश्वभर रोजगारी गुम्दै गएको अवस्थामा नेपालमा निजी क्षेत्रको विप्रेषण आप्रवाह उत्साहजनक रुपमा बढ्नु सकारात्मक पक्ष हो । एकातिर रोजगारीमा कटौति र अर्कोतिर नेपाली कामदार जाने प्रमुख गन्तव्य भएका खाडी क्षेत्रका मुलुकहरुको प्रमुख आयश्रोत तेलको मूल्यमा आएको गिरावटका कारण वैदेशिक रोजगार क्षेत्र समस्यामा

पर्ने आशंका व्यक्त नभएका होइनन् । आर्थिक वर्ष २०६५।६६ मा अघिल्लो वर्षको तुलनामा वैदेशिक रोजगारीका लागि जानेको संख्या घटेपनि बाहिर बसी काम गर्ने कुल संख्या (stock) भने बढिरहेको हुँदा विप्रेषण आप्रवाह बढ्दै गएको हो । लिबिया, रोमानिया तथा पोल्याण्ड जस्ता मुलुकहरु पनि नयाँ गन्तव्य मुलुकको रुपमा अगाडि देखिएका छन् ।

३४. आर्थिक वर्ष २०६५।६६ मा विप्रेषण आप्रवाह कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशत हुने अनुमान रहेको छ । नेपालमा शोधनान्तर स्थिति अनुकूल बनाई बाह्य क्षेत्र स्थायित्व कायम राख्न विप्रेषण आप्रवाहको उल्लेखनीय भूमिका रहेको छ । विप्रेषणले गरिबी घटाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ भने नेपालीको उपभोगमा विस्तार आई सामाजिक कल्याणमा अभिवृद्धि भएको छ । विप्रेषणबाट प्रत्यक्ष वा परोक्षरुपमा अन्य क्षेत्रहरुको क्रियाकलाप विस्तारमा सहयोग पुगेको छ । यसले बैंक तथा वित्तीय संस्थाको साधन परिचालन बढाएको छ भने स्वदेशमा कामदार जनशक्तिको आपूर्ति कम भई वास्तविक ज्यालादर पनि बढ्न गएको छ । तर बढ्दो विप्रेषण निर्भरताले देश विप्रेषण धराप (Remittance Trap) मा पर्नसक्ने तर्क पनि गर्ने गरिन्छ । बढ्दो विप्रेषण प्राप्त हुने देशका नीति निर्माताहरु स्वदेशमा पूर्वाधार विकास, निजी क्षेत्रको लगानी वातावरण बनाउन, समयानुकूल आर्थिक नीतिमा सुधारका कार्यक्रम ल्याउन उत्प्रेरित नहुने वहस गर्ने गर्दछन् । यसका अतिरिक्त विप्रेषणमा अधिक निर्भरताले बाह्य क्षेत्र स्थायित्वमा भविष्यमा उतार चढाव आउन सक्दछ । यस सन्दर्भमा विदेशी मुद्रा आर्जनका लागि अन्य बैकल्पिक श्रोतको विकासमा ध्यान दिनुपर्ने आवश्यकता छ । कामका लागि बाहिर जाने नेपालीहरु ठगिने र असुरक्षित रहने प्रवृत्ति बढेको छ । अन्तर्राष्ट्रिय श्रमिक बजारमा नेपाली श्रमिकलाई प्रतिस्पर्धि बनाई राख्न उनीहरुको उत्पादकत्व वृद्धि गर्नु आवश्यक छ ।

३५. वस्तु व्यापारतर्फ, आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा वस्तु निर्यात १९.८ प्रतिशतले बढेको छ । जसमध्ये भारततर्फको निर्यात १०.५ प्रतिशत र अन्य मुलुकतर्फ ३८.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निर्यात व्यापार २.४ प्रतिशतले घटेको थियो । भारततर्फको निर्यात ७.४ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ९.८ प्रतिशतले बढेको थियो । भारततर्फ मुख्यतया तयारी पोशाक, कपडा, जी.आई.पाइप, खयर र टुथपेष्ट एवम् मुलुकतर्फ दाल, पश्मिना, ऊनी गलैंचा, तयारी पोशाक र हस्तकलाका सामानको निर्यातमा वृद्धि भएको छ ।

३६. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा कुल आयात २५.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा कुल आयात १६.८ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात ११.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ५०.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष भारतबाट २५.७ प्रतिशत र अन्य मुलुकबाट ३.७ प्रतिशतले आयातमा वृद्धि भएको थियो । भारतबाट मुख्यतया अन्य मेशिनरी तथा पार्टपूर्जा, सवारी साधन तथा पार्टपूर्जा, कोल्ड रोल्ड शीट इन क्वाइल, सिमेन्ट र अन्य मुलुकबाट विशेषगरी सुन, विद्युतीय सामग्री, एम.एस. बिलेट, भटमासको तेल तथा अन्य मेशिनरी तथा पार्टपूर्जाको आयातमा विस्तार भएको छ ।

३७. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा नेपालको कुल व्यापारको ५८.१ प्रतिशत अंश भारतसँग र बाँकी ४१.९ प्रतिशत अन्य मुलुकसँग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँग ६४.८ प्रतिशत र अन्य मुलुकतर्फ ३५.२ प्रतिशत व्यापार भएको थियो ।

समीक्षा अवधिमा नेपालको निर्यातले २४.८ प्रतिशत मात्रै आयात धान्न सकेको छ भने कुल व्यापारमा निर्यात र आयातको अंश क्रमश: २०.० प्रतिशत र ८०.० प्रतिशत रहेको छ । त्यसैले आयात व्यापारको उल्लेख्य वृद्धिले व्यापार घाटा बढाउनमा सहयोग पुऱ्याएको छ । निर्यातमा उल्लेख्य वृद्धि नभई व्यापार घाटा कम गर्न सक्ने स्थिति पनि छैन ।

३८. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा अमेरिकी डलर भुक्तानी गरी भारतबाट भएको आयातमा कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. २६ अर्ब ७२ करोड बराबरको आयात भएकोमा समीक्षा अवधिमा रु. २५ अर्ब ४२ करोड बराबरको मात्र आयात भएको छ । भारतीय रुपैयाँ अमेरिकी डलरसँग न्यूनमूल्यन भएकोले अमेरिकी डलर भुक्तानी गरी भारतबाट गर्ने आयातमा कमी आएको हो ।

३९. २०६६ बैशाख मसान्तमा कुल विदेशी विनिमय संचिति २०६५ असार मसान्तको तुलनामा ३३.३ प्रतिशतले बढेर रु. २८३ अर्ब ४३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल संचिति १९.३ प्रतिशतले बढेको थियो । चालू खातामा उच्च बचत रहेका कारण विदेशी विनिमय संचितिमा उल्लेख्य वृद्धि भएको हो । अमेरिकी डलरमा २०६५ असार मसान्तको तुलनामा २०६६ बैशाख मसान्तमा कुल संचिति १५.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलरमा कुल संचिति १५.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १२.४ महिनाको वस्तु आयात र १०.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

४०. २०६५ असार मसान्तमा एक अमेरिकी डलरको नेपाली रुपैयाँसँगको विनिमय दर रु. ६८.८० रहेकोमा २०६६ असार मसान्तमा नेपाली रुपैयाँ १२.२ प्रतिशतले न्यूनमूल्यन भई रु. ७८.३५ भएको छ । नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग स्थीर विनिमयदर प्रणाली रहेकोले नेपाली रुपैयाँ अमेरिकी डलरसँग न्यूनमूल्यन भएको हो । नेपाली अर्थतन्त्र र विदेशी मुद्रा संचितिमा कुनै उतारचढाव नआएको अवस्थामा समेत भारतमा उच्च विदेशी पूँजी आप्रवाह भएको अवस्थामा भारतीय रुपैयाँसँगै नेपाली रुपैयाँ पनि अधिमूल्यन हुने गर्दछ । यसले गर्दा अर्थतन्त्रको अवस्था अनुसार विनिमयदरमा नमिल्दो व्यवहार भने देखिने गर्दछ । नेपाल राष्ट्र बैंकले यस अवस्थाको निरन्तर अनुगमन गर्दै जाने गरेको छ ।

४१. नेपाली रुपैयाँको न्यूनमूल्यनले तेस्रो मुलुकतर्फको निर्यातलाई सकारात्मक प्रभाव पारेको छ । कुल निर्यातमा अन्य मुलुकतर्फ हुने निर्यातको अंश ३८.० प्रतिशत रहेको छ । तर यसले आयात व्यापारलाई भने नकारात्मक प्रभाव पारेकाले मुद्रा न्यूनमूल्यनबाट खुद फाइदाको यकिन भने निर्यातजन्य वस्तुमा आयातीत वस्तुको प्रयोग मात्रा (input content) मा भर पर्दछ । नेपाली रुपैयाँको न्यूनमूल्यनले निर्यातलाई सकारात्मक असर पारेको देखिन्छ भने आयातमा आधारित अर्थतन्त्र भएकोले यसले व्यापारिक वस्तु (tradable goods) मार्फत् देशभित्र मूल्यस्तरमा चाप पारेको छ ।

४२. निर्यातको प्रतिस्पर्धात्मक क्षमता मापन गर्ने एउटा प्रमुख सूचकाङ्क व्यापार भारित यथार्थ प्रभावकारी विनिमय दर हो । बाह्य क्षेत्र स्थायित्वका लागि पनि यथार्थ प्रभावकारी विनिमय दर तटस्थ बनाइराख्नु आवश्यक हुन्छ । नेपाल राष्ट्र बैंकले सरल विधिबाट यथार्थ प्रभावकारी विनिमय दर गणना गर्दै सोको अनुगमन गर्दै आएको छ । नेपाली रुपैयाँको व्यापार भारित

यथार्थ प्रभावकारी विनिमय दर २०६५ असारको तुलनामा २०६६ बैशाखमा नगन्य मात्रामा अधिमूल्यन भएको छ । यसको प्रमुख कारण भारत तथा विकसित अर्थतन्त्रको तुलनामा नेपालमा उच्च मुद्रास्फीति रहनु हो । उत्पादकत्वमा सुधार नभएको स्थितिमा यथार्थ प्रभावकारी विनिमयदरको अधिमूल्यनले निर्यातको प्रतिस्पर्धात्मक क्षमता ह्रास भएको संकेत गर्दछ । यथार्थ प्रभावकारी विनिमयदरलाई तटस्थ राख्नका लागि मूल्य स्थिरतामा जोड दिनु आवश्यक छ ।

**वित्तीय बजार**

४३. आर्थिक वर्ष २०६५।६६ मा नेप्से परिसूचकमा निकै उतारचढाव आयो । २०६६ असार मसान्तमा नेप्से सूचकाङ्क २०६५ असार मसान्तको तुलनामा ६.९ प्रतिशतले घटेर ७४९.११ पुगेको छ । यो सूचकाङ्क २०६५ असार मसान्तमा ८०६.२६ थियो । आर्थिक वर्ष २०६५।६६ को १२ महिनाको अवधिमा २०६५ भदौ १५ गते नेप्से सूचकाङ्क उच्च ११७५ विन्दुमा पुग्यो भने २०६५ माघ ९ गते ६०९ मा झरेर समीक्षा अवधिको सबभन्दा कम विन्दुमा पुग्यो । देशको कमजोर शान्ति सुरक्षा स्थितिका कारण लगानीको वातावरण नबनेको, राजनैतिक संक्रमण बढ्दै गएकोले लगानीकर्ताहरुमा निराशा छाएको, नयाँ प्राथमिक शेयर निष्काशनबाट शेयरको आपूर्ति पनि बढेको कारण शेयर बजारमा केही शिथिलता आई नेप्से परिसूचकमा गिरावट आएको हो । २०६६ असार मसान्तमा बजार पूँजीकरण २०६५ असार मसान्तको तुलनामा १९.९ प्रतिशतले वृद्धि भई रु. ५१२ अर्ब ४१ करोड पुगेको छ । बजार पूँजीकरण कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशत हुन आउँछ । बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो अंश ७३.३ प्रतिशत उत्पादन तथा प्रशोधन क्षेत्रको १.८ प्रतिशत, होटल समूहको १.१ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युत समूहको ४.० प्रतिशत र अन्यको १९.४ प्रतिशत रहेको छ ।

४४. आर्थिक वर्ष २०६४।६५ मा यस बैंकले मार्जिन कर्जा सम्बन्धमा नयाँ व्यवस्था कायम गरी यस्तो कर्जा प्रदान गर्दा विगत १८० दिनको औषत शेयर मूल्य वा पछिल्लो बजार मूल्य जुन कम छ सोको ५० प्रतिशत मार्जिन कर्जा प्रदान गर्न पाउने नीतिगत व्यवस्था गऱ्यो । आर्थिक वर्ष २०६५।६६ मा यसमा थप सुधार गर्दै मार्जिन कर्जा प्रदान गर्दा लिइएको शेयरको धितो रकम कर्जा रकम भन्दा कम हुन गएमा २१ दिनभित्र थप धितो माग गर्नुपर्ने व्यवस्था गरेको छ । यसले अवाञ्छित मार्जिन कर्जाको नियन्त्रण गरी बैंक तथा वित्तीय संस्थाको कर्जालाई जोखिमबाट बचाएको छ ।

४५. आर्थिक वर्ष २०६१।६२ देखि नेपाल सरकारको विकास ऋणपत्र बोलकबोलबाट बिक्री शुरु गरिएको हो । आर्थिक वर्ष २०६५।६६ मा कुल रु. ७ अर्ब ७५ करोड विकास ऋणपत्र बोलकबोल मार्फत् बिक्री गरियो । २०६५ पुसमा रु. २ अर्बको ८ प्रतिशत कुपन रेट भएको ६ वर्षे विकास ऋणपत्र बोलकबोलबाट निष्काशन गरिएकोमा भारित औषत मूल्य रु. १०२.४०३१ (७.४६ प्रतिशत व्याजदर) मा बिक्री भयो । २०६६ असारमा बिक्री गरिएको ९ प्रतिशत कुपन रेट भएको कुल ५ अर्ब ७५ करोडको विकास ऋणपत्रमध्ये रु. ३ अर्बको ५ वर्षे विकास ऋणपत्र भारित औषत मूल्य रु. १०३.३४९६ (८.०९ प्रतिशत व्याजदर) र रु. २ अर्ब ७५ करोडको ७ वर्षे विकास ऋणपत्र भारित औषत मूल्य रु. १०६.४९३७ (७.७१ प्रतिशत व्याजदर) कायम भई सम्पूर्ण ऋणपत्र रकम प्रिमियममा बिक्री भयो ।

४६. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनासम्ममा वाणिज्य बैंकहरुको निक्षेप परिचालन कुल रु. ८१ अर्ब ९२ करोडले बढी २०६६ बैशाख मसान्तमा रु. ५०३ अर्ब ४५ करोड पुगेको छ । अघिल्लो वर्ष वाणिज्य बैंकहरुको कुल निक्षेप परिचालन रु. ६३ अर्ब ५१ करोडले बढेको थियो ।

४७. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा वाणिज्य बैंकहरुबाट प्रवाहित कर्जा रु. ७४ अर्ब ३३ करोडले बढेर रु. ३८१ अर्ब ६० करोड पुगेको छ । प्रवाहित कुल कर्जामध्ये उत्पादन, निर्माण, धातुजन्य उत्पादन, मेशिनरी तथा विद्युतीय उपकरण, यातायात, सञ्चार तथा सार्वजनिक सेवा, थोक तथा खुद्रा व्यापार र सेवा क्षेत्रतर्फको प्रवाहको वृद्धिदरमा कमी आएको छ भने यातायात साधन उपकरण उत्पादन तथा फिटिङ्गस् र उपभोग्य कर्जातर्फको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा उच्च रहेको छ ।

४८. “ख” वर्गका विकास बैंकहरुको निक्षेप परिचालन २०६५ चैत मसान्तसम्म २०६५ असार मसान्तको तुलनामा ५६.७ प्रतिशतले वृद्धि भई रु. ४० अर्ब ८८ करोड पुगेको छ भने कर्जा प्रवाह ५०.१ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ४० करोड पुगेको छ । त्यसैगरी “ग” वर्गका वित्त कम्पनीहरुले २०६५ चैत मसान्तसम्म रु. ५५ अर्ब ७० करोड निक्षेप परिचालन र रु. ६० अर्ब ४१ करोड कर्जा प्रवाह गरेका छन् ।

४९. वाणिज्य बैंकहरुको खराब कर्जा अनुपात पनि क्रमशः घट्दै गइरहेको छ । २०६४ असार मसान्तमा १०.३ प्रतिशत, २०६५ असार मसान्तमा ६.३ प्रतिशत रहेको “क” वर्गका वाणिज्य बैंकहरुमा रहेको खराब कर्जा अनुपात २०६५ चैत मसान्तको अपरिष्कृत वासलात अनुसार ४.९ प्रतिशतमा झरेको छ । ३ वटा पूर्ण वा आंशिक सरकारी स्वामित्वका बैंकहरु बाहेक बाँकी २२ वटा वाणिज्य बैंकहरुको भने खराब कर्जा अनुपात २.४ प्रतिशत मात्र रहेको छ । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको २०६५ असार मसान्तमा क्रमशः १२.४ प्रतिशत र २१.७ प्रतिशत खराब कर्जा अनुपात रहेकोमा २०६५ चैत मसान्तमा क्रमशः ८.६ प्रतिशत र १८.० प्रतिशतमा झरेको छ ।

५०. आर्थिक वर्ष २०६५।६६ मा यस बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको संख्यामा पनि विस्तार भएको छ । आर्थिक वर्ष २०६६ को असार मसान्तसम्म वाणिज्य बैंकको संख्या २६, विकास बैंकको ६३, वित्त कम्पनी ७७, लघुवित्त विकास बैंक १५ गरी “क” देखि “घ” वर्गका बैंक तथा वित्तीय संस्थाको संख्या १८१ पुगेको छ । २०६५ असार मसान्तमा वाणिज्य बैंक २५, विकास बैंक ६३, वित्त कम्पनी ७८ र लघुवित्त विकास बैंक १२ गरी जम्मा संख्या १७३ रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकका शाखा संख्या २०६५ चैत महिनासम्म ६८१ पुगेको छ । २०६५ असारमा यो संख्या ५५५ थियो । विकास क्षेत्र अनुसार, वाणिज्य बैंकका शाखा संख्या पूर्वाञ्चलमा १२७, मध्यमाञ्चलमा ३३७, पश्चिमाञ्चलमा १३५, मध्य-पश्चिमाञ्चलमा ५१ र सुदूर-पश्चिमाञ्चलमा ३१ वटा रहेका छन् ।

## आर्थिक वर्ष २०६५।६६ मा मौद्रिक तथा तरलता व्यवस्थापन

५१. आर्थिक वर्ष २०६५।६६ का लागि विस्तृत मुद्रा प्रदायको वाञ्छित वृद्धिदर १८.५ प्रतिशत कायम हुने प्रक्षेपण मौद्रिक नीतिमा गरिएको थियो । नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेखित ७.० प्रतिशतको आर्थिक वृद्धि लक्ष्य र आर्थिक वर्ष २०६५।६६ मा औषत मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रक्षेपणका आधारमा लक्षित आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी उपरोक्त

स्तरको मौद्रिक विस्तारको प्रक्षेपण गरिएको थियो । आर्थिक वर्ष २०६५।६६ मा आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) ४.७ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ भने मुद्रास्फीति दर वार्षिक औषत १३.० प्रतिशत रहने नेपाल राष्ट्र बैंकको संशोधित अनुमान रहेको छ ।

५२. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा विस्तृत मुद्रा प्रदाय १७.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा प्रदाय १९.३ प्रतिशतले विस्तार भएको थियो । समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति उल्लेखनीय रुपले बढेको भएपनि नेपाल सरकारमाथिको खुद दावी उल्लेख्य घटेको र अमौद्रिक दायित्व बढेकोले खुद आन्तरिक सम्पत्तिको विस्तारमा कमी आएको हुँदा विस्तृत मुद्रा प्रदायको वृद्धि अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा केही कम रहेको हो । समीक्षा अवधिमा संकुचित मुद्रा प्रदायको वृद्धिदर अघिल्लो वर्ष जस्तै १५.७ प्रतिशत रहेको छ ।

५३. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनासम्मको अवधिमा भएको विस्तृत मुद्रा प्रदायको वृद्धिदरलाई आधार मान्दा आर्थिक वर्ष २०६५।६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धि २१.० प्रतिशत रहने संशोधित अनुमान छ । आर्थिक वर्ष २०६४।६५ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर २५.२ प्रतिशत रहेको थियो । त्यसैगरी आर्थिक वर्ष २०६५।६६ मा संकुचित मुद्रा प्रदायको वृद्धिदर १९.० प्रतिशत रहने संशोधित अनुमान रहेको छ । अघिल्लो वर्ष संकुचित मुद्रा प्रदाय २१.६ प्रतिशतले बढेको थियो ।

५४. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ४३ अर्ब ६ करोडले बढेको छ । उत्साहजनक विप्रेषण आप्रवाहका कारण खुद वैदेशिक सम्पत्तिको वृद्धि उल्लेख्य रहेको हो । आर्थिक वर्ष २०६५।६६ का लागि रु. १२ अर्बको खुद वैदेशिक सम्पत्तिको लक्ष्य राखिएको थियो । यस सम्बन्धी प्राप्त पछिल्लो सूचना समेतलाई आधार मान्दा आर्थिक वर्ष २०६५।६६ मा रु. ३५ अर्ब ३७ करोड खुद वैदेशिक सम्पत्ति कायम हुने संशोधित अनुमान छ । अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति रु. २९ अर्ब ६७ करोड रहेको थियो ।

५५. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा कुल आन्तरिक कर्जा १३.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १६.६ प्रतिशतले बढेको थियो । नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग उच्च नगद बचत कायम रहेकोले आन्तरिक कर्जा अघिल्लो वर्षभन्दा कम दरले बढेको हो । समीक्षा अवधिमा निजी क्षेत्रले उपयोग गरेको कर्जा २२.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष यस्तो कर्जा १९.५ प्रतिशतले बढेको थियो । “ग” वर्गको एउटा वित्तीय संस्था स्तरोन्नति भई वाणिज्य बैंकमा रुपान्तरण भएकोले सो वित्तीय संस्थाले उपयोग गरेको कर्जा समेत समावेश भएकोले निजी क्षेत्रतर्फको कर्जा उपयोग वृद्धिदर उच्च रहन गएको हो । त्यसैगरी कुल आन्तरिक कर्जामा सरकारले उपयोग गरेको कर्जाको अंश १४.३ प्रतिशत छ भने निजी क्षेत्रले उपयोग गरेको कर्जाको अंश ८३.६ प्रतिशत रहेको छ ।

५६. वार्षिक रुपमा आर्थिक वर्ष २०६५।६६ मा कुल आन्तरिक कर्जा र निजी क्षेत्रतर्फको कर्जा प्रवाह वृद्धिदर क्रमशः २०.७ प्रतिशत र २४.२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०६५।६६ मा बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जाको वृद्धि २३.३ प्रतिशत र निजी क्षेत्रमा प्रवाह हुने बैंक कर्जा २५.० प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको थियो । निजी

क्षेत्रतर्फ प्रवाहित कर्जा अपेक्षा गरे अनुसार नै हुने देखिएपनि नेपाल सरकारले बैंकिङ्ग क्षेत्रबाट उपयोग गर्ने बैंक कर्जा घट्ने देखिएको हुँदा कुल कर्जाको वृद्धिदर प्रक्षेपणभन्दा कम रहन गएको हो ।

५७. आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा सञ्चित मुद्रा प्रदाय २५.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा संचित मुद्रा १५.३ प्रतिशतले विस्तार भएको थियो । मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा विस्तार भएको र चलनचल्तीमा रहेको मुद्रा पनि बढेकोले संचिति मुद्राको वृद्धि उच्च रहन गएको हो । यस बैंकले आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिमा ५० आधारविन्दुले अनिवार्य नगद मौज्दातमा वृद्धि गरेको कारणले पनि सञ्चित मुद्रा बढेपनि मुद्रा गुणक घटेको हुँदा विस्तृत मुद्रा प्रदायको विस्तारमा अघिल्लो वर्षभन्दा कमी आएको हो । २०६५ असार मसान्तमा ३.४२६ रहेको विस्तृत मुद्रा गुणक २०६६ बैशाख मसान्तमा ३.१९६ मा झरेको छ । आर्थिक वर्ष २०६४।६५ को पछिल्ला महिनाहरुमा खुद वैदेशिक सम्पत्तिको विस्तार उल्लेख्य भई अधिक तरलता स्थिति रहेको र मुद्रास्फीति दर उच्च रहेकोले नेपाल राष्ट्र बैंकले मौद्रिक विस्तारमा कमी ल्याउन अनिवार्य नगद मौज्दातमा गरेको वृद्धिको प्रभाव परेको देखिन्छ ।

५८. आर्थिक वर्ष २०६५।६६ मा बैंकिङ्ग क्षेत्रमा तरलताको स्थिति समग्रमा अत्यन्त सुविधाजनक रह्यो । विश्व वित्तीय संकटपछि भारत लगायत विश्वभरका मुलुकहरुमा तरलतामा कमी आएको हुँदा केन्द्रीय बैंकहरुले परम्परागत उपायका रुपमा नीतिगत दरमा उल्लेख्य कटौती गर्नुका अतिरिक्त परिमाणात्मक रुपमा कर्जा वृद्धि गर्ने उपाय गरे । फेडरल रिजर्भ लगायतका केन्द्रीय बैंकले सरकारको ऋणपत्र खरीद गरी तरलता प्रवाह गर्ने उपायहरु अवलम्बन गरे । तर नेपालमा विप्रेषण आप्रवाह उच्च रहन गई खुद वैदेशिक सम्पत्तिको वृद्धि पनि उल्लेख्य रहेकोले तरलताको स्थिति सुविधाजनक रहन गएको हो ।

५९. तरलताको स्वचालित श्रोत (autonomus factor) हरुमध्ये विदेशी विनिमय कारोवार मार्फत् तरलता प्रवाह भयो भने सरकारी खर्चको कमी र चलनचल्तीको मुद्राको परिवर्तन मार्फत् तरलतामा संकुचन आयो । आर्थिक वर्ष २०६५।६६ को असोज, माघ, फागुन र जेठ महिनाहरुमा बाहेक अन्य बाँकी महिनाहरुमा तरलता प्रवाहमा वृद्धि भयो । उक्त महिनाहरुमा सरकारी खर्च र चलनचल्तीको मुद्राको परिवर्तनको अतिरिक्त केही नयाँ वाणिज्य बैंकहरुको प्राथमिक शेयर निष्काशन भएकोले तरलतामा कमी आएको हो । अधिक तरलता देखिएको महिनाहरुमा रिभर्स रिपो र सोझै बिक्री बोलकबोलबाट तरलता प्रशोचन गरियो भने तरलतामा कमी आएका महिनाहरुमा रिपो मार्फत् तरलता प्रवाह गरियो ।

६०. आर्थिक वर्ष २०६५।६६ मा अधिक तरलता व्यवस्थापन गरी मौद्रिक तरलता विस्तारमा कमी ल्याउन यस बैंकले गरेको मौद्रिक उपाय लगायत नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा निरन्तर रहेको उच्च बचत र चलनचल्तीको मुद्राको विस्तारको योगदान रहेको छ । आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा चलनचल्तीमा रहेको मुद्रा रु. २३ अर्ब २२ करोड (२३.२ प्रतिशत) ले बढेको छ ।

६१. तरलता व्यवस्थापन अन्तरगत आर्थिक वर्ष २०६५।६६ मा बिक्री बोलकबोल मार्फत् रु. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रु. १३ अर्ब २६ करोड गरी कुल रु. २० अर्ब ७२ करोड तरलता प्रशोचन भएको छ । त्यसैगरी रिपो बोलकबोल मार्फत् रु. ११ अर्बको तरलता

प्रवाह गरिएकोले खुल्ला बजार कारोवार मार्फत् रु. ९ अर्ब ७२ करोड खुद तरलता प्रशोचन भएको छ । अघिल्लो वर्ष खुद तरलता प्रशोचन रु. १२ अर्ब ४२ करोड भएको थियो ।

६२. आर्थिक वर्ष २०६५।६६ मा वाणिज्य बैंकहरुबाट अमेरिकी डलर १ अर्ब ८४ करोड १५ लाख खुद खरीद गरी रु. १४२ अर्ब ५० करोड खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्ष नेपाल राष्ट्र बैंकले अमेरिकी डलर १ अर्ब ५७ करोड १५ लाख खुद खरीद गरी रु. १०२ अर्ब ४१ करोड तरलता प्रवाह गरेको थियो । समीक्षा अवधिमा बाह्य ट्रान्सफर आयमा भएको उच्च वृद्धिका कारण विदेशी विनिमय बजारमा खरीद हस्तक्षेप बढेको हो ।

६३. आर्थिक वर्ष २०६५।६६ मा अमेरिकी डलर १ अर्ब ५२ करोड बिक्री गरी भा.रु. ७३ अर्ब ४० करोड खरीद भएको छ । अघिल्लो वर्ष अमेरिकी डलर १ अर्ब ७३ करोड बिक्री गरी भा.रु. ७० अर्ब ६० करोड खरीद भएको थियो । समीक्षा अवधिमा भारतीय रुपैयाँ अमेरिकी डलरसँग न्यूनमूल्यन हुन गएकोले कम अमेरिकी डलर बिक्री गरी बढी भारतीय रुपैयाँ खरीद हुन गएको हो ।

६४. आर्थिक वर्ष २०६५।६६ मा वाणिज्य बैंकहरुले स्थायी तरलता सुविधा अन्तर्गत कुल रु. १०७ अर्ब ७८ करोड उपयोग गरे । अघिल्लो वर्ष वाणिज्य बैंकहरुले रु. १०३ अर्ब ८३ करोड स्थायी तरलता सुविधा उपयोग गरेका थिए । आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिबाट मौद्रिक नीति संचालनको लागि समकक्षीको दायरा फराकिलो पारी वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीहरुलाई समेत समावेश गरिंदै आएको छ । विकास बैंक तथा वित्त कम्पनीहरुले पनि स्थायी तरलता सुविधा प्राप्त गर्न सक्ने व्यवस्था भएपनि यी वित्तीय संस्थाहरुसँग सरकारको ऋणपत्र नभएको र तरलताको आवश्यकता नपरेकोले पनि उपयोग नभएको हो । त्यस्तै आर्थिक वर्ष २०६५।६६ मा वाणिज्य बैंकहरुबीच रु. २९३ अर्ब ४२ करोड अन्तरबैंक कारोवार भएको छ । अघिल्लो वर्ष रु. २५८ अर्ब ३२ करोड अन्तरबैंक कारोवार भएको थियो । समीक्षा वर्षको केही महिनाहरुमा केही बैंक तथा वित्तीय संस्थाको प्राथमिक शेयर निष्काशनका समयमा अल्प अवधिका लागि तरलतामा कमी आएको हुँदा स्थायी तरलता सुविधा र अन्तरबैंक कारोवारको उपयोग बढेको हो ।

६५. आर्थिक वर्ष २०६५।६६ मा अल्पकालीन व्याजदरहरुमा वृद्धि भएको छ । समीक्षा वर्षमा ९१ दिने ट्रेजरी बिल्सको भारित औषत व्याजदर ५.८३ प्रतिशत रह्यो । अघिल्लो वर्ष यस्तो व्याजदर ४.२१ प्रतिशत रहेको थियो । त्यसैगरी अन्तरबैंक व्याजदर अघिल्लो वर्ष ४.२० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५।६६ मा ५.०७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६५।६६ मा अल्पकालीन व्याजदरका अलावा निक्षेप तथा कर्जाको बजार व्याजदर पनि बढेको छ । एक वर्षे मुद्दति निक्षेपको अधिकतम व्याजदर २०६५ असारको तुलनामा २०६६ असारमा ३.० प्रतिशत विन्दुले बढी ९.० प्रतिशत पुगेको छ भने औद्योगिक कर्जाको न्यूनतम व्याजदर २०६५ असारको तुलनामा १.० प्रतिशत विन्दुले बढी २०६६ असारमा ८.० प्रतिशत पुगेको छ ।

६६. समीक्षा अवधिमा वाणिज्य बैंकहरुको विदेशी बैंकहरुमा रहेको मौज्दात उल्लेख्यरुपमा बढेको छ । अघिल्लो वर्ष १५.० प्रतिशतले बढेको वाणिज्य बैंकहरुको विदेशी बैंकमा रहेको मौज्दात २०६५।६६ को पहिलो दश महिनामा ३९.३ प्रतिशतले बढेको छ । अन्तर्राष्ट्रिय मुद्रा बजारमा व्याजदरमा कमी आएपनि नेपाली रुपैयाँको तुलनामा अमेरिकी डलर बलियो हुँदै गएकोले

विदेशमा बढी मौज्दात रहन गएको हो । यसले आर्थिक वर्ष २०६५।६६ मा स्वदेशी मुद्रामा बढ्न सक्ने अधिक तरलता केही हदसम्म शिथिल (sterilised) भएको छ ।

## आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

६७. नेपालमा मौद्रिक नीतिको बहुल उद्देश्यहरु रहेका छन् । मूल्य स्थिरता एवम् बाह्य क्षेत्र स्थायित्व मार्फत् आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउनु यसको प्रमुख उद्देश्य हो । सवल र सक्षम वित्तीय क्षेत्र विकास गरी वित्तीय क्षेत्र स्थायित्व कायम राख्नु अर्को उद्देश्य हो । विश्व वित्तीय संकटपछि मूल्य स्थिरता मात्र एकल उद्देश्य राख्ने केन्द्रीय बैंकहरुमा वित्तीय क्षेत्र स्थायित्व प्राथमिकतामा नपरेकोले वित्तीय संकट खराब बन्न बल पुगेको भन्नेमा प्रशस्त वहसहरु भए । फलस्वरुप केन्द्रीय बैंकहरु अन्य उद्देश्यका अतिरिक्त वित्तीय क्षेत्र स्थायित्वलाई पनि प्रमुख प्राथमिकतामा राख्नुपर्ने भन्नेमा सहमत भएको पाइएको छ ।

६८. आर्थिक वर्ष २०६५।६६ मा नेपालको बैंकिङ्ग इतिहासमा पहिलो पटक एउटा विकास बैंक धरासायी भई खारेजीका लागि कानून अनुसार सम्मानित पुनरावेदन अदालत समक्ष निवेदन गरिएको छ । उक्त विकास बैंकले नेपाल राष्ट्र बैंकको नीति निर्देशनहरुको पालना नगरेको, व्यवसायिक ढंगबाट संस्था संचालन नगरेको, बैंकको वित्तीय स्थिति सुधार गर्न कुनै ठोस पहल नगरेको कारणले बैंकको वित्तीय स्थिति नाजुक बन्यो । निक्षेपकर्ता र साना लगानीकर्ताहरुलाई थप नोक्सानी हुन नदिन र यस्ता संस्थाको असरले प्रणालीगत जोखिम सिर्जना नहोस् भनेर यस विकास बैंकको इजाजत रद्द गर्ने निर्णय गरिएको हो । त्यसैगरी एउटा वाणिज्य बैंकका संचालकहरुबीच लामो समय विवाद उत्पन्न भएको जसको प्रभाव विस्तारै बैंकको क्रियाकलाप र वित्तीय स्थितिमा समेत पर्न सक्ने देखिएकोले संचालक समिति भंग गरी उक्त बैंकको व्यवस्थापन नेपाल राष्ट्र बैंकले लियो । तत्काल साधारण सभाबाट नयाँ संचालक समिति गठन गरी नयाँ संचालक समितिलाई व्यवस्थापन हस्तान्तरण गरिसकिएको छ ।

६९. बैंक तथा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण र वित्तीय सुदृढीकरणको कार्य चुनौतिपूर्ण बन्दै गएकोप्रति यस बैंक सजग रहेको छ । यसका अतिरिक्त बैंक तथा वित्तीय संस्थामा संस्थागत सुशासन कायम राख्न थप प्रयास गरिनेछ । समस्यारत बैंक तथा वित्तीय संस्थाहरुको समयमै पहिचान गरी सुधारका लागि पहल गरिनेछ । यसका साथै सर्वसाधारणको निक्षेप र लगानीप्रति गैर-जिम्मेवार बन्ने र बैंकिङ्ग जस्तो संवेदनशिल क्षेत्रमा वदनियतपूर्वक स्वार्थ राखी संस्थालाई हानी नोक्सानी पुऱ्याउने सम्बन्धित सरोकारवालाहरुलाई समेत कारवाहीको दायरामा ल्याइनेछ ।

७०. आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति तर्जुमा गर्दा आर्थिक वर्ष २०६५।६६ को पछिल्लो आर्थिक तथा मौद्रिक स्थिति, वित्तीय क्षेत्रको स्थिति, बाह्य क्षेत्र क्रमिकरुपले उदार गर्दै जाने नीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ । आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति तर्जुमा गर्दा विश्व अर्थतन्त्रमा देखिएको घटना र त्यसबाट नेपाली अर्थतन्त्रमा आउन सक्ने सम्भावित असरलाई समेत मध्यनजर राखिएको छ । नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग रहेको स्थीर विनिमयदर प्रणालीलाई विगतमाझैं मौद्रिक अंकुश (nominal anchor) को रुपमा लिइएको छ ।

७१. स्थीर विनिमय प्रणालीलाई मौद्रिक अंकुशको रुपमा लिइएको सन्दर्भमा यस बैंकले नेपाली रुपैयाँको यथार्थ प्रभावी विनिमयदर अनुगमन गर्ने र यथार्थ प्रभावकारी विनिमयदरलाई तटस्थ

बनाइराख्नु पर्ने आवश्यकता हुन्छ । २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँ प्रचलित मूल्यमा १२.२ प्रतिशतले न्यूनमूल्यन भएको छ तापनि आर्थिक वर्ष २०६५।६६ को विश्व वित्तीय संकटपछिको समय विश्वका अन्य मुलुकहरुको मुद्रास्फीति घटेको तर नेपालमा अझै उच्च मुद्रास्फीति रहेकोले नेपाली रुपैयाँको व्यापार भारित यथार्थ प्रभावकारी विनिमयदरमा सामान्य अधिमूल्यन भएको छ । यस परिप्रेक्ष्यमा आन्तरिक मूल्यमा स्थिरता ल्याउनु मौद्रिक नीतिको प्रमुख प्राथमिकता रहनु पर्ने आवश्यकता छ ।

७२. केन्द्रीय बैंकले अवलम्बन गर्ने मौद्रिक नीतिले वस्तु र सेवा क्षेत्रको मूल्यलाई मात्र नभई सम्पत्तिको मूल्यलाई समेत प्रभाव पारेको हुन्छ । नीतिगत दरहरुमा गरिने परिवर्तनबाट सम्पत्तिको मूल्यमा पनि उतारचढाव आउने गर्छ । आर्थिक तथा वित्तीय परिसूचकहरुले पुष्टि नहुने र वास्तविक हुनुपर्ने मूल्यभन्दा निकै उतारचढाव आएमा त्यसले वित्तीय क्षेत्रको स्थायित्वमा आघात पार्ने हुन्छ । त्यसलाई सुधार्न आत्मविश्वासका साथ केन्द्रीय बैंक निर्णय गर्न सक्षम हुनुपर्ने अपेक्षा गर्ने गरिएको छ ।  केन्द्रीय बैंकको मौद्रिक नीतिले अप्राकृतिक रुपमा त्यस्तो सम्पत्तिको मूल्यमा उतारचढाव श्रृजना हुन नदिन मौद्रिक नीतिको अडानलाई सजग बनाउनु पर्ने हुन्छ ।

७३. विश्वका धेरैजसो मुलुकहरुमा आयात तथा निर्यात मूल्य सूचकाङ्क (XMPI) प्रकाशित गर्ने गरिएको छ । यस सूचकाङ्कको प्रमुख उपयोग अन्य विषयका अतिरिक्त 'व्यापारको शर्त' (Terms of Trade) मापन गरी वैदेशिक व्यापारमा देशको प्रतिस्पर्धात्मक क्षमताको विश्लेषण गर्नु हो । व्यापारको शर्त मापन गर्ने विभिन्न तरिकाहरुमध्ये आयात-निर्यात मूल्य सूचकाङ्क पनि एक मुख्य विधि हो । व्यापारको शर्त वा यस्तो अनुपात बढ्नाले व्यापारमा लाभ प्राप्त भइरहेको हुन्छ भने उक्त अनुपात घट्दा नोक्सानी हुने गर्छ । यसै सन्दर्भमा यस्तो सूचकाङ्कको महत्वलाई दृष्टिगत गरी आयात-निर्यात मूल्य सूचकाङ्क तयार गर्ने विधि सम्बन्धमा आर्थिक वर्ष २०६५।६६ मा यस बैंकले एक अध्ययन पनि सम्पन्न गरिसकेको छ । आर्थिक वर्ष २०६६।६७ मा एकाई मूल्यमा आधारित आयात-निर्यात सूचकाङ्क प्रकाशनमा ल्याइनेछ ।

७४. नेपालको मुद्रास्फीति मापन गर्ने उपभोक्ता मुद्रास्फीति आर्थिक वर्ष २०५२।५३ को तेश्रो पारिवारिक बजेट सर्भेक्षणबाट छनौट गरिएका वस्तु तथा सेवा र खर्च भारमा आधारित छ । सामान्यतया प्रत्येक १०-१० वर्षमा उपभोक्ताको खर्च र व्यवहारमा आएको परिवर्तन समायोजन गर्ने उद्देश्यले गरिने पारिवारिक बजेट सर्भेक्षणको चौथो श्रृंखला सम्पन्न भइसकेको छ । आर्थिक वर्ष २०६६।६७ भित्र आधार वर्ष २०६२।६३ को आधारमा नयाँ उपभोक्ता मूल्य सूचकाङ्कको मापन गर्ने कार्य शुरु गरिनेछ ।

७५. आर्थिक वर्ष २०६६।६७ देखि नेपाल राष्ट्र बैंकबाट Nepal Macroeconomic Modeling तयार गर्ने कार्यको शुरु हुँदैछ । यो तयार भएपछि नेपाल राष्ट्र बैंकबाट गरिने कुल गार्हस्थ्य उत्पादन, मुद्रास्फीति लगायत अन्य समष्टिगत अर्थतन्त्रका परिसूचकहरुको प्रक्षेपण अझ बढी यथार्थपरक हुने र मौद्रिक नीतिको कार्यान्वयन र प्रभावकारिता बढाउनमा सहयोग पुग्नेछ ।

७६. भारतसँगको खुला सिमाना र बढ्दो अन्तरनिर्भरताका कारण मुलुकभित्र भारतीय मुद्राको बढ्दो प्रयोगले मौद्रिक नीतिको प्रभावकारीतामा पार्ने नकारात्मक असरलाई समेत दृष्टिगत गरी देशभित्र रहेको भारतीय मुद्रा प्रचलनको स्तर पहिचान गर्ने उद्देश्यले आर्थिक वर्ष

२०६६।६७ भित्र यस सम्बन्धी अध्ययन कार्य सम्पन्न गरिनेछ । साथै भारतीय मुद्राको प्रचलनलाई बैंकिङ्ग क्षेत्रको दायराभित्र ल्याइनेछ ।

**मौद्रिक नीतिको अडान**

७७. आर्थिक वर्ष २०६५।६६ का लागि मूल्य वृद्धिलाई दृष्टिगत गरी मौद्रिक नीतिको अग्रिम अडान (ex-ante stance) केही कडा कायम गरिएको थियो । मूल्यमा चापको स्थिति रहेको, बैंकिङ्ग क्षेत्रमा अघिल्लो वर्षकै तरलता प्रशस्त (liquidity overhang) रहेको, शेयर तथा घरजग्गाको मूल्यमा उच्च वृद्धि रहेको र कालान्तरमा यस्तो मूल्य खस्कन गएमा आर्थिक क्रियाकलाप तथा बैंकिङ्ग क्षेत्रको स्थायित्वमा प्रतिकूल प्रभाव पर्ने भएको हुँदा विगतको तुलनामा आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति केही कठोर पारिएको थियो । आपूर्तिजन्य कारणहरुले मूल्यस्तरमा चाप परेको हुँदा मौद्रिक नीतिको प्रभावकारितामा प्रश्न उठेको हो । आपूर्ति पक्ष अति कमजोर हुँदा हालको उच्च मूल्य वृद्धि रहेको भन्ने उल्लेख माथि भइसकेको छ । यस स्थितिलाई पनि दृष्टिगत गरी आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीतिको अडान तय गर्नुपर्ने आवश्यकता छ ।

७८. मौद्रिक नीतिले माग-व्यवस्थापन मार्फत् समग्र मागमा आउने उतारचढावबाट वस्तु तथा सम्पत्तिको मूल्य लगायत अन्य आर्थिक क्रियाकलापमा पार्ने प्रतिकूल प्रभावलाई कम गर्न सक्छ । तसर्थ मौद्रिक विस्तारबाट समग्र माग वृद्धि मार्फत् वस्तु, सेवा तथा सम्पत्तिको मूल्यमा चापको स्थिति नहोस् भन्नेतर्फ सजग भई मौद्रिक नीतिको अडान तय गर्नुपर्ने देखिन्छ ।

७९. हाल नेपालमा भइरहेको उच्च मूल्य वृद्धि नेपाल राष्ट्र बैंकका लागि पनि चिन्ताको विषय हो । भारतसँग स्थीर विनिमयदर प्रणाली अपनाइएको, खुला सीमाना र व्यापारमा बढ्दो निर्भरताका कारण नेपालको मूल्य भारतको उपभोक्ता मुद्रास्फीतिसँग केही हदसम्म प्रभावित हुने तथ्यलाई अस्वीकार गर्न सकिन्न । यसका अतिरिक्त गैर-व्यापारिक वस्तुको (non-tradables) मूल्य तथा समग्र मूल्यमा स्वदेशको माग र आपूर्ति पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मौद्रिक नीति मार्फत् मूल्यमा थप उर्जा प्रदान गर्न नदिन प्रतिरोधात्मक (preemptive) भूमिका निर्वाह गर्नुपर्दछ । यसका साथै विश्वको आर्थिक मन्दिपछि एक्कासी झरेको कच्चा पेट्रोलियम पदार्थको मूल्य बिस्तारै बढ्दै गएको छ । तेलको मूल्यमा आउन सक्ने वृद्धिले मूल्यमा पार्न सक्ने प्रभावतर्फ पनि सचेत रहनु पर्ने देखिन्छ । तसर्थ मूल्यमा स्थीरता कायम गर्न पनि विगतको मौद्रिक नीतिको सजग र कठोर अडानमा परिवर्तन गर्नुपर्ने आवश्यकता देखिंदैन ।

८०. उत्साहजनक विप्रेषण आप्रवाहका कारण आर्थिक वर्ष २०६५।६६ मा खुद वैदेशिक सम्पत्ति उल्लेख्य मात्रामा बढेको छ । आर्थिक वर्ष २०६५।६६ मा रु. २०० अर्बको हाराहारीमा विप्रेषण स्वदेश भित्रिने अनुमान रहेको छ । त्यसैगरी आर्थिक वर्ष २०६५।६६ को पहिलो दश महिनामा खुद वैदेशिक सम्पत्ति रु. ४३ अर्ब ६ करोड पुगिसकेको छ । यसले पनि अर्थतन्त्रमा पर्याप्त तरलता प्रवाह भएको छ । तसर्थ २०६६।६७ मा पनि अघिल्लो वर्षको अधिक तरलता (liquidity overhang) रहने भएकोले आर्थिक वर्ष २०६६।६७ को अपेक्षित आर्थिक वृद्धिलाई आवश्यक मौद्रिक तरलताको आपूर्ति पनि सहज हुने अनुमान छ । पर्याप्त तरलताको स्थितिमा थप लचिलो मौद्रिक नीति अवलम्बन गर्नु उचित हुँदैन । बढ्दो विप्रेषण आप्रवाहले नेपालीको समग्र मागमा वृद्धि भइरहेको छ । विप्रेषण बापतको रकम उपभोगमा खर्चिने प्रवृत्ति

रहेकोले एकातिर यसले मूल्यमा चाप पर्न सक्दछ भने अर्कोतिर आयात बढ्दै गई बाह्य क्षेत्र स्थायित्व कायम गर्न चुनौति खडा हुन सक्छ । यसकारण पनि मौद्रिक नीतिको अडान सजग नै कायम राख्नु वाञ्छनिय रहेको छ ।

८१. आर्थिक वर्ष २०६६।६७ को नेपाल सरकारको बजेटको आकार अघिल्लो वर्षको अनुमानभन्दा २१.२ प्रतिशतले बढेर कुल २८५ अर्ब ९३ करोड भएको छ । आर्थिक वर्ष २०६६।६७ मा नेपाल सरकारको बजेट वक्तव्यमा रु. ३० अर्ब ९१ करोड आन्तरिक ऋण उठाउने र आन्तरिक ऋणको साँवा भुक्तानीका लागि रु. ७ अर्ब ७३ करोड छुट्याएको छ । नेपाल सरकारको कुल आन्तरिक ऋण गार्हस्थ्य उत्पादनको २.८ प्रतिशत र खुद आन्तरिक ऋण ( अधिविकर्ष बाहेक) २.१ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०६५।६६ मा नेपाल सरकारले परिचालन गरेको खुद आन्तरिक ऋण (अधिविकर्ष बाहेक) को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १.० प्रतिशत रहेको थियो । सरकारी खर्चको आकार बढेको सन्दर्भमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्न मौद्रिक नीतिको प्रयोग गर्नुपर्ने हुन्छ । यसको अर्थ मौद्रिक नीतिको अडान कडा नै कायम रहनुपर्ने देखिन्छ ।

## आर्थिक तथा मौद्रिक लक्ष्य

८२. नेपालमा मौद्रिक नीतिको प्रमुख लक्ष्य मूल्यमा स्थीरता कायम राख्नु हुँदाहुँदै पनि आर्थिक वर्ष २०६५।६६ मा मुद्रास्फीति दोहोरो अंकमा रहने देखिएको छ । उच्च दरको मूल्य वृद्धि रहिरहनु आपूर्तिजन्य तथा आधार प्रभाव (base effect) पनि हो । हालको पेट्रोलियम पदार्थको मूल्यमा अन्तर्राष्ट्रिय मूल्यमा हुने परिवर्तनसँगै समायोजन प्रक्रियाको थालनी भएमा मूल्यमा एक्कासी आउने उतारचढावको स्थितिमा कमी आउनेछ । यिनै तथ्यलाई मध्यनजर गरी आर्थिक वर्ष २०६६।६७ मा वार्षिक औषत मुद्रास्फीति ७.० प्रतिशत रहने प्रक्षेपण छ । मौसमी अनुकूलता भई कृषि उत्पादनमा सुधार, खाद्यान्न भण्डारण निर्माण गर्ने, आपूर्ति र वितरण व्यवस्थामा सुधार, कृषि क्षेत्रको विकासका लागि ल्याइएका कार्यक्रम तथा नेपाल सरकारको वजेट वक्तव्य २०६६।६७ मा अनिवार्य आवश्यकताका वस्तुहरु नेपालभरी कहिल्यै अभाव हुन नदिने प्रतिवद्धता व्यक्त गरिएको र यस बैंकले गर्ने मौद्रिक उपकरणको प्रभावकारी उपयोगबाट मुद्रास्फीति दर प्रक्षेपित स्तरभित्रै रहने अनुमान छ ।

८३. बाह्य क्षेत्र स्थायित्व मौद्रिक नीति २०६६।६७ को दोश्रो प्रमुख लक्ष्य हुनेछ । यसको प्रमुख सूचकको रुपमा शोधनान्तर बचतलाई लिइनेछ । आर्थिक वर्ष २०६६।६७ का लागि कम्तिमा ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी विनिमय सञ्चितको लक्ष्यका आधारमा शोधनान्तर बचत रु. १८ अर्ब हुने प्रक्षेपण गरिएको छ ।

८४. आर्थिक लक्ष्यतर्फ आर्थिक वर्ष २०६६।६७ मा आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ । नेपाल सरकारले आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा उल्लेखित ५.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहज हुने गरी मौद्रिक तरलताको व्यवस्थापन गरिनेछ ।

८५. आर्थिक वर्ष २०६६।६७ का लागि विस्तृत मुद्रा प्रदायको वाञ्छित वार्षिक वृद्धिदर १७.० प्रतिशत प्रक्षेपण गरिएको छ । आर्थिक वृद्धिदर ५.५ प्रतिशत, मुद्रास्फीति ७.० प्रतिशत तथा शोधनान्तर बचत रु. १८ अर्ब रहने आधार मानेर विस्तृत मुद्रा प्रदायको उक्त वृद्धिदर प्रक्षेपण गरिएको हो ।

८६. आर्थिक वर्ष २०६६।६७ मा बैंकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा २०.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०६५।६६ मा सरकारबाट रु. १८ अर्ब ४२ करोड मात्र आन्तरिक ऋण परिचालन भएकोमा आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा रु. ३० अर्ब ९१ करोड आन्तरिक ऋण परिचालन गर्ने उल्लेख छ । त्यसैगरी कुल आन्तरिक कर्जामध्ये वाणिज्य बैंकहरुबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर पनि आर्थिक वर्ष २०६६।६७ मा २०.७ प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

**मौद्रिक नीति संचालन तथा उपकरण**

८७. निक्षेप संकलन तथा कर्जा प्रवाह गर्ने वित्तीय संस्था अन्तरगत विकास बैंक र वित्त कम्पनीहरुको संख्या तथा कारोवारमा पनि भूमिका क्रमशः बढ्दै गएको छ । २०६५ असार मसान्तको तथ्याङ्कलाई आधार मान्दा कुल निक्षेपमा विकास बैंक र वित्त कम्पनीमा रहेको निक्षेपको अंश १५.० प्रतिशत रहेको छ । यिनै तथ्यलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६५।६६ देखि मौद्रिक नीति सञ्चालनको समकक्षीको दायरा फराकिलो पारी वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीलाई पनि समकक्षीको रुपमा लिइयो । गत आर्थिक वर्षदेखि नै समकक्षीलाई प्रदान गर्ने सुविधाको रुपमा मौद्रिक नीति सञ्चालनको उपकरणको रुपमा दोस्रो बजार कारोवारमा सहभागी हुन र सरकारी ऋणपत्रको धितोमा स्थायी तरलता सुविधा प्रदान गर्ने व्यवस्था गरिंदै आएको छ ।

८८. हालसम्म मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा वाणिज्य बैंकहरुसँग रहेको अनिवार्य नगद मौज्दात अनुपात बाहेकको अधिक तरलतालाई लिइँदै आइएको छ । वित्तीय क्षेत्रमा आएको परिवर्तन र संरचनालाई दृष्टिगत गरी आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्था ( “क” देखि “ग” वर्गसम्म) हरुसँगको अनिवार्य नगद अनुपात बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइनेछ । त्यसैगरी वाणिज्य बैंकहरुसँगको मात्र अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्न तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको प्रयोग गरिंदै आएकोमा यस संरचनामा विकास बैंक र वित्त कम्पनीहरुको अधिक तरलताको पनि अनुगमन गर्न संशोधन र समायोजन गर्नु आवश्यक रहेको छ । व्यवहारिक स्थितिलाई पनि दृष्टिगत गर्दै यस सम्बन्धमा अध्ययन गरी आर्थिक वर्ष २०६६।६७ मा तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको माध्यमबाट वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीसँगको अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्ने व्यवस्था समेत मिलाइनेछ । यसका साथै बैंक तथा वित्तीय संस्थाहरुबाट उनीहरुसँग रहेको निक्षेप, कर्जा तथा नगद मौज्दात सम्बन्धी विवरणका आधारमा यस बैंकले तरलता स्थितिको अनुगमन गर्ने व्यवस्थालाई समेत चालू आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । यसबाट मौद्रिक नीतिको कार्यान्वयनमा प्रभावकारीता बढ्ने विश्वास लिइएको छ ।

८९. मौद्रिक नीति कार्यान्वयनको लागि आवश्यक मौद्रिक तथ्याङ्क र विशेषगरी मौद्रिक योगाङ्क तयार गर्न नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकको मासिक वासलातमा आधारित मौद्रिक सर्भेक्षण र प्रकाशन गरिंदै आएको छ । सर्वसाधारणको निक्षेप संकलन गर्न इजाजत प्राप्त विकास बैंक र वित्त कम्पनीको कारोवार पनि उल्लेखनीय रहँदै गएको छ । यस बैंकले प्रकाशन गर्ने मौद्रिक योगाङ्कलाई बढी यथार्थ र प्रतिनिधिमूलक बनाउन मौद्रिक योगाङ्क प्रशोधनको दायरा बढाई “ख” वर्गका विकास बैंक र “ग” वर्गका वित्त कम्पनीको कारोवार समेट्ने गरी मौद्रिक योगाङ्क प्रशोधन प्रक्रियामा समयसापेक्ष सुधार गर्न आवश्यक देखिएको छ । यसका लागि

आर्थिक वर्ष २०६६।६७ भित्र नेपाल राष्ट्र बैंक वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीको वासलातमा आधारित “विस्तारित मौद्रिक सर्वेक्षण” (Broad Monetary Survey) प्रशोधन र प्रकाशन गरिनेछ । यसको लागि बैंक तथा वित्तीय संस्थाहरुको नियमित रुपमा तथ्याङ्क संकलन गर्ने कार्यलाई थप सुदृढीकरण गरिनेछ ।

९०. बैंकदरलाई मौद्रिक नीतिको अडानको संकेतको रुपमा र खुला बजार तथा स्थायी तरलता सुविधाबाट पनि तरलता उपलब्ध हुन सकेन भने यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई अन्तिम ऋणदाताको सुविधा प्रदान गर्न प्रयोग गरिंदै आएको छ । यो बैंकदर ६.५ प्रतिशत यथावत कायम गरिएको छ ।

९१. पुनरकर्जातर्फ, निर्यात व्यापारलाई प्रोत्साहन र प्रतिस्पर्धि बनाउने उद्देश्यले नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनकरकर्जादरलाई २.० प्रतिशत यथावत कायम राखिएकोछ । वाणिज्य बैंकहरुले यो सुविधा उपयोग गरी ऋण प्रवाह गर्दा सम्बन्धित ऋणीबाट ५.० प्रतिशतभन्दा बढी व्याज लिन पाउने छैनन् । वाणिज्य बैंकहरुलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनरकर्जाको व्याजदर प्रचलित ६ महिने लाइवोर (LIBOR) मा २५ आधार बिन्दु थपेर कायम गरिने व्यवस्था पनि यथावत् कायम गरिएको छ ।

९२. राष्ट्रिय प्राथमिकतामा रहेका वित्तीय रुपले रुग्ण उद्योगलाई आर्थिक वर्ष २०५८।५९ देखि शुरु गरिएको पुनरकर्जा सुविधा आर्थिक वर्ष २०६६।६७ मा पनि निरन्तरता दिइएको छ । आर्थिक वर्ष २०६६।६७ मा यसका लागि रु. २ अर्ब प्रदान गर्न सकिने गरी छुट्याइएको छ भने यस्तो पुनरकर्जा दर १.५ प्रतिशत यथावत् कायम गरिएको छ । यो सुविधा उपयोग गर्दा बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी व्याज लिन नपाउने व्यवस्था यथावत कायम गरिएको छ ।

९३. साना तथा घरेलु उद्योगहरुले आय आर्जन तथा रोजगारीमा गरेको योगदानलाई दृष्टिगत गरी यस्ता उद्योगहरुलाई प्रवाह भएको कर्जाको धितोमा वाणिज्य बैंक, विकास बैंक तथा बीत्त कम्पनीहरुलाई २.५ प्रतिशत व्याजदरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था यथावत् कायम गरिएको छ । तर बैंक तथा वित्तीय संस्थाले यो सुविधाको उपयोग गर्दा सम्बन्धित ऋणीबाट ५.५ प्रतिशतभन्दा बढी व्याज लिन नपाउने व्यवस्था यथावत कायम गरिएको छ ।

९४. आर्थिक वर्ष २०६१।६२ देखि मौद्रिक नीति खुला बजार कारोवारको कार्यान्वयन रणनीतिमा परिवर्तन आई यस बैंकको साप्ताहिक वासलातमा आधारित तरलता अनुगमन तथा प्रक्षेपण संरचना समेतका आधारमा अल्पकालिन र मध्यकालिन तरलता व्यवस्थापन गर्ने उपकरणका रुपमा खुला बजार कारोवार संचालन हुँदै आएकोछ । बजारमा आधारित मौद्रिक नीतिको उपकरणका रुपमा खुला बजार कारोवार प्रभावकारी हुँदै आएको छ । आर्थिक वर्ष २०६६।६७ मा पनि मौद्रिक नीतिको अडान अनुरुप अल्पकालिन तरलता व्यवस्थापनका लागि रिपो र रिभर्स रिपो तथा मध्यकालिन तरलता व्यवस्थापनका लागि सोझै खरीद बोलकबोल र सोझै बिक्री बोलकबोल जस्ता उपकरणहरुको प्रयोगलाई निरन्तरता दिइनेछ ।

९५. खुला बजार कारोवार उपकरणहरुमध्ये रिपो तथा रिभर्स रिपो बोलकबोल बहु व्याजदर बोलकबोलमा र सोझै बिक्री तथा सोझै खरीद बोलकबोल बहुमूल्यमा गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ । रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम अवधि २८ दिन यथावत् कायम राखिएको छ ।

९६. वाणिज्य बैंकहरुले स्वदेशी निक्षेप दायित्वको ५.५ प्रतिशत अनिवार्य नगद मौज्दात कायम गर्नुपर्ने वर्तमान व्यवस्था यथावत् कायम गरिएको छ ।

९७. तरलता व्यवस्थापन वित्तीय क्षेत्र स्थायित्वको एक महत्वपूर्ण आधार हो । बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय सवलता कायम राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्थाहरुले वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । जसअनुसार २०६६ पुस मसान्तसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वदेशी निक्षेप दायित्वको क्रमशः ६.० प्रतिशत, २.० प्रतिशत र १.० प्रतिशत अनिवार्य रुपमा सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । यस्तो अनुपात उल्लेखित बैंक तथा वित्तीय संस्थाहरुले २०६७ असार मसान्तसम्ममा क्रमशः ८.० प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशत कायम गर्नु पर्नेछ । यस सम्बन्धी कार्यविधि २०६६ साउनभित्र जारी गरिनेछ ।

९८. यस बैंकले बैंकहरुको आन्तरिक भुक्तानी प्रणालीमा आउन सक्ने जोखिमलाई सम्बोधन गर्ने उद्देश्यले सरकारको ऋणपत्रको धितोमा प्रदान गर्दै आएको स्थायी तरलता सुविधालाई आर्थिक वर्ष २०६६।६७ मा पनि निरन्तरता दिइएको छ । यस सुविधा लिन सकिने अधिकतम ५ दिनसम्मको अवधिलाई यथावत् कायम गरिएको छ ।

९९. यस बैंकले समकक्षीहरुलाई नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा दिँदै आएको स्थायी तरलता सुविधाको विद्यमान सीमा ९० प्रतिशत यथावत कायम गरिएको छ । स्थायी तरलता सुविधामा लगाउँदै आएको पेनाल व्याजदर साविकको ३.० प्रतिशत र व्याजदर गणना विधि यथावत कायम गरिएको छ ।

**बैंक तथा वित्तीय संस्था नियमन र वित्तीय क्षेत्र सुधार**

१००. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको हालको नीतिगत व्यवस्था वमोजिम न्यूनतम चुक्ता पूँजीको सीमालाई स्थायित्व प्रदान गर्न उक्त सीमालाई यथावत कायम राखिएको छ । अब उप्रान्त बैंक तथा वित्तीय संस्थाको पूँजी वृद्धि गर्ने आधार पूँजीकोषलाई मात्र लिइनेछ । यसरी पूँजीकोषको वृद्धि गर्दै जाने नीतिगत व्यवस्था मार्फत बैंकिङ्ग प्रणालीलाई सुदृढ बनाउने नीति नेपाल राष्ट्र बैंकले अवलम्बन गर्नेछ ।

१०१. आर्थिक वर्ष २०५९।६० देखि वित्तीय क्षेत्र सुधार कार्यक्रम संचालन भइरहेको छ । वित्तीय सुधार कार्यक्रम अन्तर्गत आंशिक र पूर्ण सरकारी स्वामित्वका नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकहरुको कार्य सञ्चालन र वित्तीय अवस्थामा सुधार आएको छ । यद्यपि अपेक्षा गरेअनुसार कर्जा असुली र खराव कर्जा अनुपातमा भने सुधार हुन सकेको छैन । वित्तीय क्षेत्र सुधार कार्यक्रमका अन्य भागहरु नेपाल राष्ट्र बैंकको रिईञ्जिनियरिङ, समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेका छन् । वित्तीय क्षेत्र क्षमता अभिवृद्धि अन्तर्गत ऋण असुली न्याधिकरण तथा कर्जा सूचना केन्द्रको सुदृढीकरण र राष्ट्रियस्तरको बैंकिङ्ग तालिम केन्द्रको स्थापना जस्ता कार्यक्रमहरु समावेश छन् । तसर्थ,वित्तीय क्षेत्रको स्थायित्वको लागि वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरुको नियमन तथा सुपरिवेक्षण कार्यलाई समयानुकुल सुधार गर्ने तथा ऋण असुली न्यायाधिकरणलाई थप प्रभावकारी बनाउने लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०२. नेपाल सरकारको आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा उल्लेख भए बमोजिम नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको सुधारलाई जारी राख्दै आगामी दुई वर्षभित्र पूँजी पर्याप्तता सुनिश्चित गर्ने कार्ययोजना प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०३. सहवित्तीयकरण अन्तर्गत प्रवाह भएका कर्जा उपभोग गर्ने फर्म/कम्पनीले अगुवा बैंक तथा सहभागी बैंकहरुसँग मात्र बैंकिङ्ग कारोबार गर्नुपर्नेछ । यो व्यवस्था Loose Consortium कर्जामा पनि समानरुपले लागू हुनेछ । तर, एक पटक सहवित्तीयकरण समूह गठन भइसकेपछि सो समूहको सहमति लिई नयाँ सदस्यलाई प्रवेश गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

१०४. ग्रामीण क्षेत्रमा बैंकिङ्ग सुविधाको पहुँच बढाउन व्यवसायिक प्रतिनिधिको सहायताले Point of Transaction Machine (POT) को माध्यमबाट स्मार्ट कार्डको प्रयोग गरी गरिने दुर्गम/ग्रामीण क्षेत्रमा शाखारहित बैंकिङ्ग सेवा संचालन गर्न बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरिनेछ ।

१०५. वित्तीय साधन परिचालनमा व्यापकता ल्याउन वित्तीय सम्पत्ति पुनरसंरचना तथा धितोपत्रीकरण (Securitization) सम्बन्धी अवधारणा तयार गरिने र यस सम्बन्धी ऐनको मस्यौदा आर्थिक वर्ष २०६६।६७ भित्र नेपाल सरकार समक्ष पेश गरिनेछ ।

१०६. वित्तीय अनुशासन कायम राख्न र खराब कर्जाको अंशलाई न्यून स्तरमा राख्दै वित्तीय स्थायित्व कायम राख्न विगतमा रु ५ करोडभन्दा माथि ऋण लिई नियतवश ऋण नतिर्ने ऋणीहरुलाई कारवाही गरिदै आएकोमा आर्थिक वर्ष २०६५।६६ देखि रु.१ करोडभन्दा माथि कर्जा लिई नियतवश ऋण नतिर्ने सबै ऋणी उपर पनि कारवाही शुरु भइसकेको छ । आगामी दिनमा पनि यस्ता ऋणीहरु उपरको कारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१०७. सुरक्षित कारोवार सम्बन्धी कार्य गर्नका लागि छुट्टै कार्यालयको स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याइनेछ ।

१०८. कम्पनी ऐन २०६३, बमोजिम स्थापना भएका कम्पनीहरुका लागि छुट्टै वाणिज्य इजलास स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाउनको लागि सबै सरोकार पक्षहरुसँग समन्वय गरी पहल गरिनेछ ।

१०९. नेपाल सरकारले परिभाषित गरे अनुसार दलित, जनजाती, उत्पीडित तथा महिला वर्गलाई राहत पुऱ्याउन र वैदेशिक रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउन सो प्रयोजनका लागि लिने कर्जामा रुग्ण उद्योगलाई प्रदान गरिने पुनरकर्जा सुविधा सरह २०६६/६७ मा पनि रु ५० करोडसम्मको पुनरकर्जा सुविधा उपलब्ध गराइने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

११०. नेपाल सरकारको यूवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारलाई यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जा रकमलाई विपन्न वर्ग कर्जामा गणना गरिने व्यवस्थालाई यथावत कायम राखिएको छ ।

१११. नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिइसकेको सन्दर्भमा सन् २०१० बाट विदेशी बैंकका थोक बैंकिङ्ग कारोवार गर्ने शाखाहरूलाई प्रवेश गराउने सम्बन्धमा तयार भएको प्रारम्भिक प्रतिवेदनको कार्यान्वयनको लागि आवश्यक पूर्वाधारहरू तयार गर्ने सन्दर्भमा सो सम्बन्धी निर्देशन तथा आवश्यक नीतिगत व्यवस्थाको तर्जुमा गरी लागू गरिनेछ ।

११२. वाणिज्य बैंकहरुले नेपाल बाहिर पनि शाखा खोल्न चाहेमा स्वीकृति दिने व्यवस्था मिलाइएको छ ।

११३. विपन्न वर्ग कर्जा लगानीलाई प्रोत्साहित गर्न सामूहिक/व्यक्तिगत/संस्थागत जमानीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपन्न वर्गमा गणना हुने गरी प्रवाह गरिएको कर्जाको लागि अतिरिक्त बीस प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु नपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

११४. विपन्न वर्गमा लघुवित्तको पहुँच बढाउन विपन्न वर्ग कर्जा अन्तरगत वाणिज्य बैंकहरु (क वर्ग) ले बैंकको कुल बाँकी कर्जाको ३ प्रतिशत प्रवाह गर्नुपर्ने वर्तमान व्यवस्थालाई यथावत कायम राखी आगामी आर्थिक वर्ष २०६६।६७ को लागि विकास बैंक (ख वर्ग) ले २.० प्रतिशत र वित्त कम्पनी (ग वर्ग) ले १.५ प्रतिशत अनिवार्य रुपमा विपन्न वर्गमा प्रवाह गर्नु पर्ने व्यवस्था गरिएको छ । तोकिए अनुरुपको दरमा कर्जा प्रवाह भए नभएको गणना आर्थिक वर्ष २०६६।६७ को दोस्रो त्रयमासदेखि गरिनेछ ।

११५. विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य व्यक्ति/समुदायले एकल वा सामुहिकरुपमा गलैचाको लागि आवश्यक पर्ने ऊन उत्पादन गर्ने प्रयोजनार्थ भेडापालन गर्न वा गलैचा बुन्ने तान राख्नका लागि बैंक तथा वित्तीय संस्थाहरुवाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु १,५०,०००।- मा नबढ्ने गरी प्रवाह भएको कर्जालाई विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ । त्यसैगरी, विपन्न वर्ग कर्जा प्राप्त गर्न योग्य सीमान्त तथा साना किसान वा किसान समुदायले मलखाद तथा बीउविजन खरीद, सामूहिकरुपमा उत्पादन भण्डारणको लागि शीत भण्डार निर्माण, उत्पादनको वजारिकरण, पशुपालन, साना सिंचाई कुलो, स्यालो ट्युववेल जडानजस्ता उद्देश्यका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई प्रति परिवार रु १,५०,०००।- मा नबढ्ने गरी प्रवाह गरिएको कर्जालाई विपन्न वर्ग कर्जाको रुपमा गणना गरिनेछ ।

११६. नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गरी म्यूचुअल फण्ड कारोवार गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

११७. जोखिम व्यवस्थापन प्रणाली विकास गर्नको लागि र संस्थागत ऋण आप्रवाहबाट निजी क्षेत्र अभिमुख आर्थिक वृद्धि गर्न निजी क्षेत्रमा साख मूल्याङ्कन संस्था खोल्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने र कर्जा सूचना प्रणालीलाई अत्याधुनिक सुविधा सम्पन्न बनाउन थप प्रभावकारी कार्यक्रमहरु ल्याइनेछ ।

११८. बैंक तथा वित्तीय संस्थाहरुको सुसञ्चालनका लागि विद्युतीय बैंकिङ्ग कारोवारको लागि आवश्यक निर्देशन यस आर्थिक वर्षभित्रमा जारी गरिनेछ ।

११९. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को उद्देश्यलाई समेत सहयोग पुऱ्याउन रु ५० लाख वा सो भन्दा बढीको रकम झिक्दा वा जम्मा गर्दा अनिवार्यरुपमा चेक मार्फत् गर्ने व्यवस्था गरिनेछ । आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा व्यवस्था भएको सम्पत्ति शुद्धिकरण कार्यलाई निरुत्साहित र अनुसन्धान तथा कारवाही प्रक्रियालाई प्रभावकारी बनाउन विशेषज्ञ जनशक्ति सहितको संगठनात्मक व्यवस्था र वित्तीय प्रणालीलाई व्यवस्थित पार्न नेपाल राष्ट्र बैंकले आवश्यक व्यवस्था गर्नेछ ।

१२०. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी आवश्यक नियमावलीको मस्यौदा तर्जुमा गरी नेपाल सरकार समक्ष पेश भइसकेको छ । त्यसैगरी यस बैंकमा रहेको वित्तीय जानकारी इकाइमा सूचक संस्थाहरुले पठाउनु पर्ने तथ्याङ्क, सुचना एवम् जानकारी सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भई लागू हुने क्रममा रहेको छ । यस बैंकबाट सूचक संस्थाहरुका लागि सीमा रकम निर्धारण तथा आवश्यक छुट प्रदान गर्ने र तोकिएको सीमा भन्दा माथिका सबै कारोवारको विवरण सो एकाईमा पठाउने व्यवस्था यसै आर्थिक वर्ष २०६६।६७ मा सम्पन्न गरिनेछ । यसरी शंकास्पद कारोवार तथा सीमा भन्दा माथिका सबै कारोवारको विवरण प्राप्त हुन थालेपछि सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ को कार्यान्वयनमा थप प्रभावकारिता आउनेछ ।

१२१. गैर-कानूनी तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी गर्न रोक लगाउने कानूनको मस्यौदा नेपाल सरकार समक्ष पेश गरिनेछ ।

१२२. नेपाल सरकारको २०६६।६७ को बजेट वक्तव्यमा उल्लेख भए अनुरुप साना व्यक्तिगत निक्षेपकर्ताहरुको हित संरक्षणको लागि दुई लाखसम्मको बचत तथा मुद्दती निक्षेपको सुरक्षण अनिवार्य रुपले गराउन आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था मिलाइनेछ ।

१२३. “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो स्वामित्वमा एउट छुट्टै लघुवित्त संस्था खोली सो सहायक कम्पनी मार्फत् विपन्न वर्गमा कर्जा प्रवाह गर्न चाहेमा र सोको लागि आवश्यक प्रक्रिया पुरा गरेमा कारोवारको अनुमति दिइनेछ । लघुवित्त कारोबार गर्ने “घ” वर्गको वित्तीय संस्थाको हकमा एकाघर परिवार, फर्म, कम्पनी वा सङ्गठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्ता पूँजीको २५ प्रतिशतसम्म हुनसक्ने विद्यमान व्यवस्था रहेकोमा यसरी सहायक कम्पनी स्थापना गर्न इजाजतपत्रप्राप्त (“क”, “ख” र “ग” वर्गका) बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा त्यस्तो शेयर लगानीको सीमामा छुट दिने व्यवस्था कायमै राखिएको छ ।

१२४. कर्जा प्रवाहबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिमलाई कम गर्न र अर्थतन्त्रका विभिन्न क्षेत्रहरुमा कर्जा प्रवाहलाई सर्वसुलभ बनाउन हाल कोषमा आधारित सीमा प्राथमिक पूंजीको २५ प्रतिशत र गैर-कोषमा आधारित समेत गरी कुल एकल ग्राहक कर्जा सीमा प्राथमिक पूँजीको ५० प्रतिशतसम्म कायम रहेको व्यवस्थालाई यस वर्ष पनि निरन्तरता दिइएको छ । वासल कोर सिद्धान्तले कायम गरेको व्यवस्थानुसार विद्यमान एकल ग्राहक कर्जा सीमालाई २०६७ साउन १ गतेदेखि गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पूँजीको २५ प्रतिशत कुल सीमा कायम गर्ने व्यवस्था गरिएको छ ।

१२५. आर्थिक वर्ष २०६५।६६ मा दुईवटा वित्त कम्पनी एक आपसमा गाभिएका छन् । वित्तीय संस्थाहरु एक आपसमा गाभिने कार्यबाट पूँजीको आधार विस्तार हुन गई वित्तीय क्षेत्र सुदृढीकरणमा समेत सहयोग पुग्ने भएकोले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु आ-आफ्नो वित्तीय खण्ड बीच एक आपसमा गाभिने प्रक्रियालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१२६. सर्वसाधारणबाट निक्षेप संकलन गर्ने बैंक तथा वित्तीय संस्था बाहेक पनि बीमा कम्पनी, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष जस्ता सम्झौतामा आधारित वित्तीय संस्थाहरुसँग रहेको संकलित रकम उच्च रहेको छ । २०६६ बैशाख मसान्तसम्ममा यस्ता संस्थाहरुको वाणिज्य बैंकमा मात्रै रु. ४८ अर्ब निक्षेप रहेको छ । यस्ता संस्थाहरुबाट परिचालन हुने वित्तीय साधनको प्रकृति दीर्घकालीन हुने भएकोले भौतिक संरचना निर्माण र जलस्रोत जस्ता पूर्वाधारका क्षेत्रमा आन्तरिक स्रोतबाट विकास गर्न सकिने सम्भावना बढ्दै गएको छ । तर, यस्ता क्षेत्रहरुमा लगानीको उपयुक्त वातावरण बन्न नसकेकोले उक्त संस्थाहरुको आफ्नो वित्तीय साधनलाई वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरुमा निक्षेपको रुपमा राख्नुपर्ने बाध्यात्मक स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारलाई उक्त साधन परिचालन गर्न नीतिगत व्यवस्थाका लागि अनुरोध गरिनेछ ।

१२७. राष्ट्रिय महत्वका पूर्वाधार विकासको लागि अधिकेन्द्रित जोखिम व्यवस्थापन गर्ने रणनीति लिई पूर्वाधार निर्माणको क्षेत्रलाई श्रोत र साधनको अभाव हुन नदिन आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१२८. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको व्यवस्था वमोजिम विभिन्न वित्तीय संस्थाहरुमा रहेको यस बैंकको शेयर विनिवेश गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१२९. आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिमा यस बैंक र बैंक तथा वित्तीय संस्थाहरुको अधिकांश शेयर स्वामित्व रहने गरी समाशोधन गृहको काम गर्ने एउटा छुटै संस्था खडा गरी संचालनमा ल्याइने भन्ने नीति लिइएको सन्दर्भमा नेपाल क्लियरिङ हाउस लिमिटेड स्थापना भइसकेको छ । यस सम्बन्धी सम्पूर्ण कानूनी, प्रशासनिक र प्राविधिक प्रक्रियाहरु पुरा गरी यथाशिघ्र सो समाशोधन गृह संचालनमा ल्याइनेछ ।

१३०. राष्ट्र बैंकको दैनिक भुक्तानी तथा हिसाव मिलान कार्य हाल यस बैंकको KBOSYS System को Software बाट संचालन भइरहेकोमा सो Software लाई केन्द्रीय बैंकस्तरको ABBS System लागू गर्न सकिने Software संचालन गर्ने गरी सूचना प्रणालीलाई आधुनिकीकरण गर्ने कार्यको थालनी गरिनेछ ।

१३१. यस बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजत प्राप्त वित्तीय मध्यस्थताको कारोवार गर्ने गैर-सरकारी संस्थाहरुले हाल त्यस्ता संस्थाहरु दर्ता भएको जिल्लामा मात्र कार्यक्षेत्र सीमित गर्नुपर्ने व्यवस्था रहेकोमा यस बैंकले तोकेको मापदण्ड पूरा गरेको अवस्थामा त्यस्ता संस्थाहरु दर्ता भएको जिल्ला वाहेक अन्य जिल्लाहरुमा पनि आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्ने व्यवस्था गरिनेछ ।

## बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण

१३२. बैंकिङ्ग क्षेत्रमा प्रचलित अन्तर्राष्ट्रिय सुपरिवेक्षकीय मान्यताहरु आत्मसात गर्दै नेपालको परिप्रेक्ष्यमा उक्त मान्यताहरुलाई लागू गर्दै जाने नीति लिइएको छ । यस क्रममा पूँजीकोष सम्बन्धी नयाँ मापदण्ड वासल टू अनुरुपको पूँजी पर्याप्तता सम्बन्धी संरचनालाई अवलम्बन गरिएको छ । आर्थिक वर्ष २०६४।६५ देखि समानान्तर रुपमा शुरु गरिएको पूँजी पर्याप्तता संरचनालाई आर्थिक वर्ष २०६५।६६ देखि "क" वर्गका इजाजत प्राप्त संस्थाको हकमा पूर्णरुपमा लागू गरिसकिएको छ ।

१३३. वासल कोर सिद्धान्त लागू भएको परिप्रेक्ष्यमा, स्थलगत निरीक्षण प्रतिवेदनको गुणस्तरमा सुधार ल्याउन सोको विद्यमान ढांचामा पुनरावलोकन र परिमार्जन गरिनेछ । यस प्रकृयाबाट समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन वस्तुपरक एवम् तथ्यमूलक भई प्रतिवेदनको प्रभावकारितामा वृद्धि हुने अपेक्षा गरिएकोछ ।

१३४. वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वासलाई निरन्तर कायम राख्न नेपाल राष्ट्र बैंकले आफ्नो सुपरिवेक्षकीय क्षमतामा समय सापेक्ष सुधार एवं विकास गर्ने नीति अनुरुप शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ आर्थिक वर्ष २०६५।६६ देखि लागू भइसकेको छ । यस विनियमावलीको कार्यान्वयनबाट बैंक तथा वित्तीय क्षेत्रमा आई पर्ने समस्याहरुलाई समयमै सुधार गर्न मद्दत पुग्ने विश्वास लिइएको छ भने सोको कार्यान्वयन एवम् अनुगमनको प्रकृयालाई अझ प्रभावकारी बनाइनेछ ।

१३५. नेपाल राष्ट्र बैंकद्धारा आर्थिक वर्ष २०६३।६४ मा वासल कोर सिद्धान्तहरुको स्वमूल्याङ्कन गर्ने कार्य सम्पन्न गरी उक्त प्रकृयावाट देखिएका कमी कमजोरीहरुलाई निर्दिष्ट समयमा पूरा गर्ने गरी लक्ष्य सहितको वासल कोर सिद्धान्त कार्यान्वयन योजना तर्जुमा भई कार्यान्वयमा आइसकेको छ । उक्त योजनामा उल्लेखित कार्यहरु समयवद्धरुपमा कार्यान्वयन गर्नका लागि समय तालिका र उल्लेखित व्यवस्थालाई पुनरावलोकन गरिनेछ ।

१३६. सन् २०१० देखि विदेशी बैंक तथा वित्तीय संस्थाहरुको थोक कर्जा कारोवारका लाागि शाखा तथा कार्यालय नेपालमा खुल्नसक्ने सम्भावनालाई मध्यनजर गर्दै यस वर्ष होम-होष्ट सुपरिवेक्षकीय सम्बन्धको समझदारीपत्र तयार गरिनेछ । साथै, क्रस बोर्डर बैंकिङ्ग तथा संस्थागत सुशासन सम्बन्धी कार्यहरुमा जोड दिइनेछ ।

१३७. यस बैंकबाट इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको वार्षिक वित्तीय विवरणहरुलाई यथार्थपरक बनाई समयमै सर्वसाधारणको जानकारीको लागि प्रस्तुत गर्ने उद्देश्यले त्यस्ता वित्तीय विवरण प्रकाशित गर्नु अगाडि यस बैंकबाट वार्षिक स्वीकृति लिनु पर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । यसै सिलसिलामा बाह्य लेखापरीक्षणको कार्यलाई बढी जिम्मेवार बनाउन विद्यमान लङ्ग फर्म अडिट प्रतिवेदनको ढाँचामा पुनरावलोकन गरिनेछ ।

१३८. गैर-स्थलगत सुपरिवेक्षकीय क्षमतामा अभिवृद्धि गर्दै लैजाने उद्देश्य अनुरुप गैर-स्थलगत सुपरिवेक्षण सम्बन्धी विद्यमान पूर्व सचेतता प्रणालीलाई अझ बढी प्रभावकारी वनाउँदै लगिनेछ । यस क्रममा वाणिज्य बैंकहरुको हकमा Stress Testing गर्ने कार्य प्रक्रियालाई अगाडि बढाइनेछ ।

१३९. वित्तीय क्षेत्रमा बढ्दै गएको प्रतिस्पर्धा, नयाँ वित्तीय उपकरण एवम् सेवाहरुको तीव्र गतिमा विस्तार भइरहेको परिप्रेक्ष्यमा परम्परागत (Compliance Based) निरीक्षण तथा सुपरिवेक्षण पर्याप्त नहुने हुँदा आगामी वर्षहरुमा बैंकहरुलाई जोखिमका आधारमा निरीक्षण गरिने विधि योजनाबद्ध रुपमा तयार गरी लागू गरिनेछ । साथै बैंकिङ्ग क्षेत्रमा देखा पर्न सक्ने विभिन्न जोखिमहरुको पहिचान तथा न्यूनीकरण गर्ने कार्यका लागि जोखिम व्यवस्थापन निर्देशिका तयार गरी लागू गरिनेछ ।

१४०. विपन्न बर्गमा प्रवाह हुने कर्जालाई निर्दिष्ट वर्गसम्म पहुंच पुऱ्याउन यस प्रकारको कर्जा प्रवाह भए/नभएको अनुगमन गर्ने र लक्ष्य अनुरुप कर्जा प्रबाह नगरेमा बैंकहरुलाई हर्जाना लगाउने कार्यलाई निरन्तरता दिइने छ ।

१४१. बैंकिङ्ग क्षेत्रको तरलता स्थिति तथा सो सम्बन्धी जोखिमलाई समयमै पहिचान गर्न र खुला बजार कारोवारलाई सहयोग पुऱ्याउन दैनिक रुपमा बैंकिङ्ग क्षेत्रमा रहेको तरलतालाई अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

१४२. ठूला ऋणीहरु र त्यस्ता ऋणीहरुले उपभोग गरेको बैंकिङ्ग सुविधा सम्बन्धी एकिकृत तथ्याङ्क तयार गरिनेछ । यस कार्यबाट एकल कर्जा सीमा सम्बन्धी निर्देशन परिपालना भए/नभएको अनुगमन गर्न सहयोग पुग्नेछ ।

**लघु वित्त व्यवस्थापन**

१४३. यस बैंकले लिएको बैंक तथा वित्तीय संस्था खोल्न इजाजत लिनुपर्ने उदार नीतिका कारण बैंक तथा वित्तीय संस्थाको संख्यात्मक विस्तार उल्लेख्यरुपले हुँदै आएको छ । यस नीतिगत व्यवस्थाको प्रमुख उद्देश्य वित्तीय संस्थाहरुको सेवाको विस्तार ग्रामीण क्षेत्रसम्म र पहुँच विपन्न वर्गसम्म पुगोस् भन्ने नै हो । अबका दिनमा नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्रको सुदृणिकरण साथै विपन्न वर्गको पहुँचमा बैंक सेवा पुऱ्याउने वित्तीय समावेशीकरण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउनेछ ।

१४४. नेपाल सरकारबाट राष्ट्रिय लघुवित्त नीति २०६४ जारी भइसकेको परिप्रेक्ष्यमा उक्त नीतिको कार्यान्वयनका लागि वित्तीय मध्यस्थताको कारोवार गर्न स्वीकृत प्राप्त लघु वित्त बिकास बैंक तथा अन्य वित्तीय सहकारी/गैर सरकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी कार्यको लागि एक छुट्टै दोश्रो तहको निकाय (Second Tier Institution) को गठन र लघु बित्त विकास कोषको रकम परिचालन गर्ने कार्य समेत समावेश गरी आर्थिक बर्ष २०६६।६७ को प्रथम अर्धवार्षिक भित्र लघु वित्त ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिनेछ ।

१४५. लघु वित्त सुरक्षण लघु वित्तको एक महत्वपूर्ण पक्ष हो । लघु परियोजना तथा ऋणीहरुको असफलताको अवस्थामा कर्जाको सुरक्षण गर्ने गरी निजी क्षेत्रको सहभागितामा लघु वित्त सुरक्षण सम्बन्धी संस्थाहरु स्थापना गर्न इच्छुक देखिएमा त्यस्तो कार्यलाई उत्प्रेरित गरिनेछ ।

१४६. वित्तीय समावेशी मुद्दालाई सम्बोधन र लघुकर्जा विस्तारका लागि भएका नीतिगत व्यवस्थाहरुमध्ये ग्रामीण विकास बैंकहरुलाई आवश्यकतानुसार पुनरकर्जा प्रदान गर्ने कार्यलाई

यस बैंकले निरन्तरता दिनेछ । यस्तो पुनरकर्जामा लगाइने पुनरकर्जादर आर्थिक वर्ष २०६६।६७ मा पनि ३.५ प्रतिशत यथावत् राखिएको छ ।

१४७. मुलुकमा लघु वित्त सम्बन्धी गतिविधि, कानूनी, नीतिगत र विद्यमान कार्यप्रणाली सम्बन्धी समग्र अवस्थाको बारेमा जानकारी गराउने निकायको अभाव देखिएको परिप्रेक्ष्यमा यस सम्वन्धी सूचना तथा तथ्याङ्कहरु व्यवस्थित गरी सार्वजनिक जानकारीका लागि प्रकाशन गरिनेछ ।

**विदेशी विनिमय व्यवस्थापन**

१४८. बहुराष्ट्रिय कम्पनीहरुले आफ्ना क्षेत्रिय कार्यालय भारतमा स्थापना गरी नेपाल लगायतका यस क्षेत्रका मुलुकहरुसंगको कारोवार सोही कार्यालयबाट गर्न थालेकाले भारतस्थित त्यस्ता कार्यालयको नाममा प्रतितपत्र खोली तेश्रो मुलुकमा निर्मित बस्तुहरु भारत वा तेश्रो मुलुकबाट शिपमेन्ट गरेको आधारमा हुने आयातको भुक्तानी परिवर्त्य विदेशी मुद्रामा भारतमा समेत गर्न सकिने व्यवस्था गरिने छ । यस व्यबस्थाबाट आयातकर्ताहरु थप लाभान्वित हुने विश्वास लिइएको छ ।

१४९. बिदेशमा ऋण लिने प्रयोजन बाहेक विदेशस्थित कुनै निकायलाई नेपालबाट बस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका बिबिध व्यवसाय गर्न एवम् सो प्रयोजनको लागि अग्रिम भुक्तानी लिन आवश्यक पर्ने विदेशी मुद्रा (भारतीय रुपैया समेत) को बैंक ग्यारेण्टी (Bid Bond, Performance Bond) जारी गर्न यस बैंकबाट स्वीकृति लिनु पर्ने व्यबस्था रहेकोमा अबदेखि यस्ता बैंक ग्यारेण्टीहरु "क" वर्गका बैंकहरुले जारी गर्न सक्ने व्यबस्था गरिनेछ ।

१५०. नेपाल भ्रमणमा आएका विदेशी पर्यटकहरुले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था एवम् मनिचेन्जरसँग सटही गरेको नेपाली रुपैया खर्च नभई बाँकी रहेको रकम नेपालबाट प्रस्थान गर्दा Foreign Exchange Encashment Receipt (FEER) को आधारमा अन्तर्राष्ट्रिय विमानस्थलस्थित बैंक काउण्टरबाट विदेशी मुद्रामा सटही गरिदिने व्यबस्था रहेकोमा अमेरिकी डलर १००।- वा सो बराबर सम्मको विदेशी मुद्रा सटही गर्न FEER आवश्यक नपर्ने व्यबस्था गरिनेछ ।

१५१. Documentary Collection अन्तरगत Documents Against Payment (DAP) को माध्यमबाट मात्र आयात गर्न पाइने व्यवस्था रहेकोमा अबदेखि इण्टरनेशनल च्याम्बर अफ कमर्सको Uniform Rules for Collections (URC), ICC Publication No. 522 मा भएको प्रावधान समेत अनुसार "क" वर्गका बैंक र राष्ट्रिय स्तरका "ख" वर्गका बित्तीय संस्था मार्फत् कारोवार गर्नु पर्ने शर्तमा DA (Documents against Acceptance) को माध्यमबाट पनि आयात गर्न सकिने व्यवस्था गरिनेछ । यसबाट व्यवसायीहरुलाई आयात कारोवार गर्न सहज हुने विश्वास लिइएको छ ।

१५२. प्रतितपत्र कारोवार गर्दा अपनाउनु पर्ने प्रकृया अनुसार नै ड्राफ्ट टि.टि तथा डकुमेण्टरी कलेक्सन मार्फत् पनि एफ.ओ.बी. मूल्यमा आयात गर्न पाइने व्यवस्था गरिनेछ ।

१५३. परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने बस्तुहरुको संख्या हाल १३५ पुगेको छ । यस्ता बस्तुहरुको सूची थप गर्दै जाने साविकको नीतिलाई यथावत राखिएको छ

१५४. नेपालका व्यवसायीहरुले इण्टरनेट मार्फत् आफ्ना उत्पादन तथा सेवा बिक्री तथा निकासी गर्न सहज हुने गरी इण्टरनेट मार्फत् अन्तरराष्ट्रिय डेबिट/क्रेडिट कार्डवाट भुक्तानी स्वीकार गर्न सकिने व्यवस्था गरिनेछ । यसवाट निकासीकर्ताहरु लाभान्वित भई निकासी समेत वृद्धि हुने विश्वास लिइएको छ ।

१५५. बिभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/ संस्थाहरु र बैंक तथा बित्तीय संस्थाहरुलाई अमेरिकी डलर ४,०००।- सम्मको सटही सुविधा आवश्यक कागजातको आधारमा सोभैm "क" वर्ग का बैंक र राष्ट्रिय स्तरका "ख" वर्गका बित्तीय संस्थाहरुबाट प्राप्त गर्न सकिने व्यवस्था रहेकोमा यस्तो सटही सुविधाको सीमा वृद्धि गरी अमेरिकी डलर ६,०००।- सम्म पुऱ्याइने छ । यसबाट सेवाग्राहीलाई सुविधा हुने विश्वास लिइएको छ ।

## निष्कर्ष

१५६. मूल्य, बाह्य क्षेत्र एवम् वित्तीय क्षेत्रको स्थायित्व कायम गरी उच्च तथा दिगो आर्थिक विकासको लागि वातावरण सिर्जना गर्न प्रस्तुत मौद्रिक नीति ल्याइएको छ । यसको कार्यान्वयनबाट अपेक्षित आर्थिक विकासका लक्ष्यहरु प्राप्त हुनेछन् भन्ने यस बैंक विश्वस्त रहेको छ ।

१५७. अन्त्यमा, आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने नेपाल सरकार, वित्तीय समूदाय, नागरिक समाज र दातृ निकाय लगायत सबैलाई धन्यवाद दिन चाहन्छु । यस्तो सहयोग आर्थिक वर्ष २०६६।६७ को मौद्रिक नीति कार्यान्वयनमा पनि रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

●

## अनुसूची १
## आर्थिक वर्ष २०६५।६६ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको प्रगति तालिका

| क. सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रमहरू | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १ | ५१ | आर्थिक वर्ष २०६५।६६ मा वार्षिक औसत मुद्रास्फीति ७.५ प्रतिशतमा राख्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | खाद्यान्न समूहको मूल्यस्थितिमा सुधार नआएको तथा अन्य आपूर्तिजन्य कारणहरुले मूल्यमा उच्च चाप पर्न गएकोले आर्थिक वर्ष २०६५।६६ मा वार्षिक औसत मुद्रास्फीति १३ प्रतिशत कायम रहने संशोधित अनुमान रहेको । |
| २ | ५२ | आर्थिक वर्ष २०६५।६६ मा शोधनान्तर बचत रू १२ अर्ब कायम गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | आर्थिक वर्ष २०६५।६६ मा शोधान्तर बचत रु. ३५ अर्ब ७७ करोडमा रहने संशोधित अनुमान रहेको । |
| ३ | ५३ | आर्थिक वर्ष २०६५।६६ को बजेट वक्तव्यमा उल्लेखित ७.० प्रतिशत आर्थिक वृद्धि हासिल गर्न सहजता प्रदान गर्न आवश्यक पर्ने मौद्रिक तरलताको व्यवस्थापन गरिने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | तरलता अनुगमन तथा प्रक्षेपण संरचना अनुसार तरलताको स्थितिको मापन गर्दै आवश्यकता अनुरुप मौद्रिक तरलता व्यवस्थापन र त्यसको निरन्तर अनुगमन भइरहेको । |
| ४ | ५४ | आर्थिक वर्ष २०६५।६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १८.५ प्रतिशत कायम गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | आर्थिक वर्ष २०६५।६६ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर २१.० प्रतिशतमा कायम रहने संशोधित अनुमान रहेको । |
| ५ | ५५ | आर्थिक वर्ष २०६५।६६ मा निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर २५.० प्रतिशत कायम गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | आर्थिक वर्ष २०६५।६६ मा निजी क्षेत्रतर्फको कर्जा २४.२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको । |

| क्र. सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रमहरू | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| ६ | ५६ | आर्थिक वर्ष २०६५।६६ देखि मौद्रिक नीति सञ्चालनका निम्ति समकक्षीको रुपमा वाणिज्य बैंक सहित विकास बैंक र वित्त कम्पनीहरुलाई पनि लिइने । समकक्षीको रुपमा लिइएका बैंक तथा वित्तीय संस्थाहरूलाई दिइँदै आएको दुई किसिमको विशेष सुविधामध्ये यस बैंकले मौद्रिक उपकरणको रूपमा दोस्रो खुला बजार कारोबार वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीसँग मात्र सञ्चालन गर्ने र दोस्रो सुविधा, नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा पनि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीलाई मात्र उपलब्ध गराउने । | नीतिगत व्यवस्थाको अनुगमन सहित कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरु उपलब्ध गराउने । | अनुसन्धान विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग | दोश्रो खुला बजार कारोबारमा विकास बैंक र वित्त कम्पनीहरुलाई समेत सहभागी गराउने व्यवस्था गरिनुको साथै विकास बैंक र वित्त कम्पनीहरुले समेत स्थायी तरलता सुविधा उपयोग गर्न पाउने व्यवस्था गरिएकोमा हालसम्म विकास बैंक र वित्त कम्पनीहरूले उक्त प्रक्रियामार्फत् तरलताको उपयोग भने नगरेको । |
| ७ | ५७ | वाणिज्य बैंकहरूसँगको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने व्यवस्थालाई यथावत् कायम गरिएको । तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको आधारमा र उनीहरूसँग रहेको निक्षेप, कर्जा तथा नगद मौज्दातसम्बन्धी विवरणको आधारमा तरलता स्थितिको अनुगमन गर्ने व्यवस्थालाई समेत चालू आर्थिक वर्षमा निरन्तरता दिइने । | साविक बमोजिम तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्क्यौल गर्ने अधिक तरलताको स्थितिको आधारमा मौद्रिक उपायको रूपमा खुला बजार कारोबार सञ्चालन गर्ने । | अनुसन्धान विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग | सोही अनुरुप कार्य भैरहेको । |
| ८ | ५८ | सोझै खरिद बोलकबोल (Outright purchase auction) तथा रिपो बोलकबोल र सोझै बिक्री बोलकबोल (Outright sale auction) तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी मौद्रिक व्यवस्थापन गरिने । | साविक बमोजिम तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्क्यौल गर्ने अधिक तरलताको स्थितिको आधारमा मौद्रिक उपायको रूपमा खुला बजार कारोबार सञ्चालन गर्ने । | अनुसन्धान विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग | हालसम्म खुलाबजार कारोवार अन्तर्गत सोझै बिक्री बोलकबोल मार्फत् रू ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलमार्फत रू १३ अर्ब २६ करोड गरी कुल रू २० अर्ब ७२ करोड तरलता प्रशोचन गरिएको छ भने रिपो बोलकबोलमार्फत रू ११ अर्बको तरलता प्रवाह गरिएको छ । |

| क्र. सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रमहरू | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| ९ | ५९ | खुला बजार कारोबार उपकरणहरूमध्ये सोझै बिक्री तथा सोझै खरिद बोलकबोल बहु मूल्यमा गरिने र रिपो तथा रिभर्स रिपो बोलकबोल बहु ब्याजदर बोलकबोलमा सञ्चालन गरिने व्यवस्थालाई पनि निरन्तरता दिएको । आवश्यकताअनुसार खुला बजार कारोबार कुनै पनि कार्यालय दिनमा गरिने । | नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरु उपलब्ध गराउने । | अनुसन्धान विभाग, राष्ट्र ऋण व्यवस्थापन विभाग | सो सम्बन्धी कार्यलाई निरन्तरता दिइएको । |
| १० | ६१ | कुल स्वदेशी निक्षेपमा लगाउँदै आएको अनिवार्य नगद अनुपात विद्यमान ५.० प्रतिशतबाट ५.५ प्रतिशत कायम गरिएको । | नीतिगत व्यवस्थाको अनुगमन सहित कार्यान्वयनको लागि परिपत्र जारी गर्ने । | बैंक तथा वित्तीय सँस्था नियमन विभाग, बैंक सुपरिवेक्षण विभाग | मिति २०६५।६।१७ मा जारी परिपत्र अनुसार उक्त व्यवस्था कार्यान्वयन भइसकेको । |
| ११ | ६२ | बैंकदरलाई ६.२५ प्रतिशतबाट बढाई ६.५ प्रतिशत कायम गरिएको । | नीतिगत व्यवस्थाको विष्लेषण सहित आवश्यक कार्यान्वयन गर्ने । | बैंक तथा वित्तीय सँस्था नियमन विभाग | मिति २०६५।६।१७ मा जारी परिपत्र अनुसार उक्त व्यवस्था कार्यान्वयन भइसकेको । |
| १२ | ६३ | नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनर्कर्जादरलाई साविकको २.५ प्रतिशतबाट घटाई २.० प्रतिशत कायम गरिएको । वाणिज्य बैंकहरुले त्यस सुविधा अन्तर्गत सम्वन्धित ऋणीलाई ऋण प्रवाह गर्दा ५ प्रतिशतभन्दा वढी लिन नपाउने । वाणिज्य बैंकहरूलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनर्कर्जाको ब्याजदर प्रचलित लाइवोरमा (libor rate) ०.२५ बिन्दु प्रतिशत थपेर कायम गरिने । | नीतिगत व्यवस्थाको अनुगमन तथा कार्यान्वयन गर्ने । | बैंक तथा वित्तीय सँस्था नियमन विभाग, बैंकिङ्ग कार्यालय | मिति २०६५।६।१७ मा जारी परिपत्र अनुसार उक्त व्यवस्था कार्यान्वयन भइसकेको । |
| १३ | ६४ | आर्थिक वर्ष २०६५/६६ को लागि साविकको शर्तअनुसार रूग्ण उद्योग पुनर्कर्जा सुविधा रू २ अर्ब प्रदान गर्न सकिने व्यवस्था यथावत् कायम गरी पुनर्कर्जादर १.५ प्रतिशत यथावत् राखिएको । | नीतिगत व्यवस्थाको आवश्यक कार्यान्वयन गर्ने । | बैंक तथा वित्तीय सँस्था नियमन विभाग, बघिकङ्ग कार्यालय | मिति २०६५।६।१७ मा जारी परिपत्र अनुसार उक्त व्यवस्था कार्यान्वयन भइसकेको । आर्थिक वर्ष २०६५।६६ मा रु. ७० लाख रुग्ण उद्योग पुनरकर्जा प्रदान गरिएको । |

| क्र. सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रमहरू | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १४ | ६५ | मौद्रिक नीतिको उद्देश्य प्राप्तिका लागि नभई आन्तरिक भुक्तानी प्रणालीमा आउने जोखिमलाई सम्बोधन गर्ने उद्देश्यले व्यवस्था गरिएको स्थायी तरलता सुविधालाई वाणिज्य बैंकहरूको पहलमा उपलब्ध गराइने र यो सुविधाको समयावधि अधिकतम पाँच दिन यथावत् कायम गरिएको । | नीतिगत व्यवस्थाहको अनुगमन सहित आवश्यक कार्यान्वयन गर्ने । | राष्ट्र ऋण व्यवस्थापन विभाग, बैकिङ्ग कार्यालय | यथावत राखिएको । यस सुविधा अन्तर्गत वाणिज्य बैंकहरुले आर्थिक वर्ष २०६५।६६ मा रु. १०७ अर्ब ७८ करोड उपभोग गरेका छन् । |
